जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष-१४ , अंक- ३६, २०७८ साल चैत्र २९ गते मंगलबार (Apr 12, 2022) www.janaakash.com.np मूल्य रु १०।-



## हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को अवसरमा हाम्रा पाठक, शुभचिन्तक, विज्ञापनदाता, सल्लाहकार विज्ञ, लेखक, सम्वाददातालगायत देश- विदेशमा रहनु भएका सम्पुर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

मोहन कार्की
अध्यक्ष
जनआकाश मिडिया प्रा.लि. परिवार


# महँगीले सर्वसाधारण त्रसित

**मोहन कार्की**

काठमाडौं । नेपालमा यतिवेला चौर्तफी महगी बढेको छ। दैनिक उपभोग्य वस्तुहरु अत्याधिक मुल्यवृद्धि भएको छ। जिरा मसिनो चामल ३० केजीको एक पाकेटलाई २००० पुगेको छ। खानेतेलको खुद्रा मुल्य बजारमा ३०० लिन थालेका छन् ।अन्य दाल, गेडागुडी, फलफुल,लगायत पनि बढेको छ। ग्यास, पेट्रोल, डिजेलको भाउ बढेसँगै सवै खालका बजारभाउ एक्कासी बढेका हुन् ।

यतिवेला उपभोक्ताहरु महगीको मारमा परेका छन् । आम्दानी केही बढेको छैन । तर बजार भाउ महिनापिछे बढ्दै जान थालेपछि नेपालका मजदुरी, गरेर परिवार पाल्नेहरुको देखि मध्यमस्तरका व्यापार, व्यवसायी गरेर वस्ने उपत्यका लगायत देशभरीका जनता यतिवेला त्रसित भएका छन् ।




केही महिना अगाडी युक्रेन र रुसको युद्धले पारको असरले पेट्रोल, डिजेल खाना पकाउने ग्यासको भाउ बढेको भनेर बजारभाउ २ महिना अगाडी मात्रै बढेको थियो त्यसको केही समय पछाडि पुन: सामान विदेशवाट आउन छाड्यो भनेर ब्यापारीहरुले पुन: भाउ बढाएका थिए ।

अहिले फेरी पेट्रोल र डिजेल, ग्यासको भाउ बढेको छ । सो कुरालाई आधार मानेर यातायात व्यवसायीहरुले यातायात दुवानीमा मुल्यबृद्धि गरेपछि सवै उपभोग्य बस्तुमा महगी बढेको हो ।

दिनानु दिनको मुल्यबृद्धिले नेपालका दैनिक मजदुरी, ज्यालादारी गरेर खाने मानिसहरुलाई असर पर्न थालेको छ ।

अर्कोतर्फ विस्तारै आर्थिक संकटको संकेत गरेर राष्ट्रबैकले विलासिताका साधनहरु खरिद नगर्न मापदण्ड तोकेपछि झनै मानिसहरु आत्तियर अव के हुने हो जस्ता शंका उपशंका हल्लाहरुले गर्दा मानिसहरु त्रसनै त्रसले त्रसिएर बसेका छन् ।

हुन पनि हो नेपालमा पत्येक बर्ष मुल्यबृद्धि हुने गरेको थियो । अहिले पछिल्लो समय त एक्कासी महिना महिनामा मुल्यबृद्धि भइरहेको छ । काम गरिखाने मजदुर,प्राइभेट कम्पनीमा काम गर्ने

बाँकी ६ पृष्ठमा

# भरतपुरमा मेयरको उम्मेद्वार बन्न कांग्रेसका २५ जना आकांक्षी

चितवन । भरतपुर महानगरपालिकाको मेयर बन्न कांग्रेसका २५ जना आकांक्षीले मनोनयन दर्ता गरेका छन् ।

आइतबार र सोमवार दुई दिनसम्म आकांक्षी उम्मेदवारहरूलाई मनोनयन गर्न भनिएकोमा २५ जनाले मेयरमा र २४ जनाले उपमेयरमा नाम दर्ता गराएका हुन् ।

मेयरको उम्मेद्वार बन्नका लागि मनोनयन दर्ता गराउनेमा पार्टी केन्द्रीय सदस्य दिनेश कोइराला,पार्टीका निवर्तमान जिल्ला सचिव उत्तम जोशी, पूर्व सांसद जगन्नाथ पौडेल, महानगर सभापति चित्रसेन अधिकारी, भरत अधिकारी, शंकर कँडेल, तारानाथ पौडेल, रामप्रसाद अधिकारी, विजय शर्मा भुसाल, वर्तमान उपमेयर पार्वती शाह ठकुरी छन् ।

यस्तै दीर्घमान श्रेष्ठ, निलकण्ठ रिजाल, गौरी कुमारी श्रेष्ठ, मिनाकुमारी खरेल, सुबोध प्रधान,शम्भुप्रसाद अर्याल,भरत गुरुङ र मिलनबाबु श्रेष्ठ, प्रकाश अधिकारी, प्रा. डा.केशवभक्त सापकोटा, टेकप्रसाद गुरुङ, राजेन्द्र डोटेल, डा. सूर्यकान्त घिमिरे,हिरामणि अधिकारी र घनश्याम दवाडीले पनि नाम दर्ता गरेका छन् ।

उपमेयरका लागि टकनाथ पौडेल, तारा गुरुङ, बुद्धिकान्त न्यौपाने, लक्ष्मी लामिछाने, नीरु कार्की, कल्पना पौडेल, देबेन्द्र गुरुङ, पूर्णबहादुर गुरुङ, राजिब न्यौपाने, बीरेन्द्र केसी, भुपतिदास सापकोटा, केदारनाथ बराल, रबिभद्र शर्मा खनालले नाम लेखाएका छन् । यसैगरी निर्मलराज पौडेल,सुरवीर पोखेल, महेन्द्र श्रेष्ठ,एलिसा अधिकारी, सूर्यनाथ अधिकारी, गीता गुरुङ , बिनु रायमाझी पौडेल ,बिजय घले, गौरा खरेल अधिकारी, भोजराज कौडाल र बिदुर केसीले पनि उपमेयर बन्न दाबी पेश गरेको नेपाली कांग्रेस भरतपुर महानगरका सचिव कृष्ण बगालेले जानकारी दिए ।

आइतबार बिहान ११ बजेदेखि मनोनयन दर्ता सुरू भएर सोमबार दिउँसो चार बजे सकिएको कांग्रेस महानगर समितिका प्रवक्ता ईश्वर प्रभाकर श्रेष्ठले जानकारी दिए । नेपाली कांग्रेसको केन्द्रीय निर्देशन र

बाँकी ६ पृष्ठमा

# जडीबुटी व्यवसायी संघ नेपालको अध्यक्षमा भण्डारी निर्वाचित

काठमाडौं । जडिवुटी व्यवसायी संघ नेपालको बाह्रौं साधारणसभा तथा सातौं




अधिवेशन यहि मितिः २०७८ साल चैत्र २५ गते नयाँ बजारस्थित सम्राट पार्टी प्यालेसमा भव्यताका साथ सम्पन्न भएको छ ।

उक्त कार्यक्रम दुई शत्रमा विभाजन गरी गरिएको थियो । पहिलो शत्रमा उदघाटन र दोस्रो शत्रमा बन्द शत्र भएको थियो बन्द शत्रले साधरणसभामा पेस भएका काम कत्व्यहरु सफतापर्वक सही ढंगवाट काम गरेको भनेर निर्वमान बिष्णु भण्डारीको कार्यसमितिलाई साधारणसभामा उपस्थित सवैले कार्यसम्पादन

बाँकी ६ पृष्ठमा

# प्रगतिशील लेखक संघ, नेपालको बाह्रौं राष्ट्रिय सम्मेलन भव्य रुपमा सम्पन्न


काठमाडौ । प्रगतिशील लेखक



सङ्घ, नेपालको बाह्रौं राष्ट्रिय सम्मेलन भव्य रुपमा सम्पन्न भएको छ । यहि मितिः २०७८ साल चैत्र २५ र २६ गते काठमाडौको कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा भएको राष्ट्रिय सम्मेलनले सर्वसहमतिमा नयाँ कार्यसमिति चयन गरेको हो । प्रा.डा.मधुसूदन गिरीको अध्यक्षतामा नयाँ कार्यसमिति बनेको हो । उपाध्यक्ष खुलामा समीर सिंह, उपाध्यक्ष महिला नमुना शर्मा, महासचिवमा डा.देवी दुलाल क्षेत्री, उपमहासचिवमा बालमुकुन्द कार्की, सचिव गिरीप्रसाद बुढा, दलबहादुर गुरुङ, कोषाध्यक्ष बाबा वस्नेत महत्वपुर्ण पदाधिकारीमा रहेका छन् भने ।

केन्द्रीय सदस्यहरूमा
१ शान्ति प्रियवन्दना
२. अच्युतराज पराजुली
३. हृदय लेकाली
४. बोधकुमार घिमिरे
५. बैरागी जेठा (घनश्याम अधिकारी)
६. ताराप्रसाद शर्मा
७. कल्पना पौडेल जिज्ञासु
८. ध्रुवलाल शर्मा
९. किशोर सुवेदी

बाँकी ६ पृष्ठमा

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# नयाँ बर्षको साइतमा नै हुने निर्वाचनले खुशी ल्याओस्

नेपालमा बैशाख ३० गते स्थानीय निर्वाचन हुदैछ । यस अवसरमा गाउँ गाउँमा पार्टीका कार्यकर्ताहरु चुनावमा उम्मेद्वार बन्न तछाड मछाड गरिरहेका छन् । यहि समयमा नेपालीहरुको नयाँ वर्ष पनि वैशाखबाट नै शुरु हुनेगर्छ । यहि वैशाख महिनामा देशका बिभिन्न ठाउँमा प्राकृतिक फुल फुलेर मगमगाउन थालेका हुन्छन् । त्यसैगरी जताततै रुखका पातहरु नयाँ पालुवा पलाएर हरियालीले आनन्दको महसुस गराएको हुन्छ । सफा हावापानी, शान्त वातवराण यहि समयमा हुने गर्छ । हो यहि समयमा नेपालीहरु खुशी वाडन नयाँ बर्षको शुभकामना आदान प्रदान गर्दै महिनैभरी रमाउने चलन छ ।

नेपालीहरुको यस्तो महत्वपूर्ण समयमा हुन गइरहेको स्थानीय निर्वाचनले नयाँ वर्षमा जसरी मानिसहरुमा खुशी ल्याउछ त्यसैगरी राजनीतिक पार्टीहरुले असल, सक्षम, योग्य जनउतरदायी भएका उम्मेद्वार चयन गरी नेपालीहरुको चाहना र आवश्यकतालाई पुर्ति गर्नसक्ने वातावरण बनाएर नेपालीहरुमा नयाँ वर्षको अवसरमा छाईरहेको खुशीलाई कामय राख्न सक्नुपर्छ ।

हुन त विगतकै जसरी राजनीतिक पार्टीहरुले उम्मेद्वार छान्ने तरिका अपनाएका छन् । जसवाट माथि उल्लेखित जनताले चाहको जस्तो उम्मेद्वार पाउन कठिन जस्तै देखिन्छ । तर नेपाली जनताले विस्तारै समयको माग र आवश्यकतालाई बुझ्दै जान थालेका छन् । यो आधारलाई हेर्दा राजनीतिक पार्टीले उठाएका उम्मेद्वार भन्दा स्वतन्त्र उम्मेद्वारहरुले ल्याउने योजना जनताको लागि राम्रा देखिन्छन् । जनताहरु त्यतै आकर्षित भइराखेका छन् । त्यसकारणले नेपालका नेपालीहरुको खुशीमा केही आशा गर्ने ठाउहरु बन्दै गएका देखिन्छन् ।

हर्षले गदगद गर्ने ठाउँहरु नभएपनि नेपाली समाजमा बन्दै गएको आशालाग्दा कामहरुले विकास गर्न सकिन्छ भन्ने आधार तयार गरेको छ । फलस्वरुप निरास हुनुपर्ने अवस्था छैन । चाडै नै नयाँ नेतृत्व जनताले छान्न पाउने छन् । जनताको लागि जनताले छानेर पठाएको जनताकै लागि काम गर्ने नेतृत्व जनताले पाउने छन् ।

हामी नेपालीहरुको संस्कार नै हो जति अप्ठ्यारो परेपनि खुशीका साथ उच्च मनोवलले काम गर्ने उच्च सोच राख्ने कठिन स्थितिमा पनि सहजै लिने नेपालीको बाणी हुन्छ । यस्तो संस्कार वोकेका नेपालीहरुले हर्षको बर्ष मनाउने पर्व वैशाख महिनालाई विशेष महिनाको रुपमा लिएका छन् ।

त्यही माथि स्थानीय निर्वाचनले आफ्नो गाउँ, ठाउँ छर छिमेक सवै ठाउमा आफ्नो नेता आफै छान्ने अवसर प्राप्त गदैछन् । यस्तो सुवर्ण अवसरमा खुशी, उमंग, दङग हुने महिनामा हुन गइरहेको स्थानीय निर्वाचनले खुशी भइरहेका नेपालीहरुको पक्षमा धेरै धेरै असल काम गरेर अझै धेरै खुशी थप्न सकोस् ।

# न्याय क्षेत्रमा देखिएका विकृति सुधार गरौं

**मोहन कार्की**



याय नपाय गोर्खा जानु भन्ने राम शाहको इतिहाँस पढ्ने नेपालीहरु अचेल न्यायलय क्षेत्रमा भइरहेका विकृति र विवादहरुको चुली देखेर छक्क पर्न थालेका छन ।

नेपालका हरेक क्षेत्रमा देखिएका विकृतिले मानिसहरुलाई आक्रान्त पारेको छ नै । तिनै बिभिन्न क्षेत्रमा विकृति विसंगति आएमा अनियमितता भएमा वा कसैले कानुन उल्लघन गरेमा कानुनको कार्यन्वयन गर्ने निकाय नै न्यायालय हो । अर्थात अदालत( अदालतमा रहेका ऐन, कानुन, ति कानुललाई बुझेर कार्यन्वयन गर्ने न्याधिस्हरु हुन् । उनिहरुमा नै अचेल विवाद र आशंका गर्ने ठाउँहरु भएको न्याधिसहरुमा आस्थाको आधारमा विवाद हुने गरेको, एकले अर्कोलाई छलकपट गर्न लागेको जस्ता विषय सार्वजानिक भईरहेका छन् । यो देशको लागि निक्कै चिन्ताको बिषय हो ।

यो रोग आज मात्र होइन हिजोका दिनहरुमा पनि यस्तै हुने गरेका थिए । यतिवेला अलि धेरै भएको हुनाले चर्चा बढी भएको हो । नेपालको न्यायालय विवाद र अनियमियतता भयो भनि निरन्तर रुपमा छानविन भएको देखिन्छ । भने सर्वोच्चका न्यायाधिसहरु त झनै राजनीतिक नियुक्तका कारण नेपालका महिना महिनामा फेरिनै राजनीतिक पार्टीको सरकार फेरिएसँगै न्यायाधिस फेर्ने चलन पुरानै हो । न्यायाधिस प्रक्रिया अर्न्तगत नै फेरिए त त्यो मनासिव मानिन्थ्यो नेपालका प्रधानन्यायाधिस कुनै पनि विवाद मुक्त नभई रहन सकेका छैनन् । विवादमा मुछाएर बर्खास्त गर्ने गरिदै आएको पनि छ ।

हालका कायम मुकायम प्रधानन्यायाधिस दिपक कुमार कार्कीको कार्यकाल कस्तो रहन्छ । त्यो हेर्न वाकी नै छ । भने जिल्ला न्यायाधिसहरु माथि छानवीन चलिरहेको जस्ता समाचारले ठाउँ पाउन थालेका छन् । उनिहरुले न्यायालयको मर्म विपरित काम गरेर छानवीनमा परे वा राजनीतिक प्रतिशोधमा परे त्यो निकट भविष्यमा स्पष्ट होला नै तर नेपालका नागरिकहरुले विश्वास गरेको न्यायाय क्षेत्रमा पछिल्ला समयमा देखिएका यस्ता खालका शंकापस्द कृयाकलापले कानुनी कार्यन्वयन गर्ने निकायहरुमा नै प्रश्न उठ्न सक्ने हुदै गएका छन् ।

यस्ता संवेदनशील क्षेत्रमा हुने राजनीतिक नियुक्त राजनीतिक विचारको आधारमा गरिने सरुवा, बढुवा र न्यायालयमा विवाद ल्याउने खालका कृयाकलाप नेपालमा थुप्रै भएका छन् । त्यस्तो कार्य देशको हितमा हुदैन । तर पनि नेपालमा भइरहेका छन् ।

यस्ता कामहरु काहावाट किन, कस्ले केका लागि गरिरहेको छ । त्यसको अध्ययन गरेर विगतमा भएका तुर्टीहरुलाई सच्याउदै कानुनी क्षेत्रमा बढेको बिकृतिलाई सुधारर्न टडकारो आवश्यक भइसकेको छ ।

जाहाँ राजनीतिक आस्थाको आधारमा होइन । इमानदारलाई प्रोत्साहन र गलत गर्ने प्रबृतिलाई दण्डित गर्ने सस्कारको विकास न्यायालयमा आवश्यक छ ।

सम्बन्धित निकायले नेपालमा देखिएका कानुनी क्षेत्रका समस्या सावधान गर्ने उपाय लगाओस् ।

# निफमा चलचित्र सम्बन्धि बहस स्वातन्त्रता मौलिक हकमा भएको निस्कर्ष

काठमाडौ । चलचित्रमा अभिव्यक्ति स्वतन्त्रताको बिषयमा चलचित्रकर्मी र पत्रकारहरु विच छलफल भएको छ । नेपाल अन्तर्राष्ट्रिय चलचित्रमहोत्सवको पाँचौ संस्करणको चौथो दिन गणतान्त्रिक संविधानले अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी गरेको समयमा पनि चलचित्रलाई सेन्सर गर्नु संविधानको भावना विपरित भएको निष्कर्ष उक्त छलफलबाट निकालिएको जानकारी दिइएको छ ।

किताब छाप्दा, गीत लेख्दा, पत्रकारिताको सामाग्रीहरु माथि सेन्सर नहुने तर चलचत्रिको कथा र शिर्षक माथि नै सेन्सर हुनु असाध्यै निरकुश अवधारण भएको भन्दै बरिष्ठ पत्रकार बनिर्मला शर्माले चलचित्रको अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गरिएको छ । अभिव्यक्तिको सबैभन्दा प्रभावकारी माध्यम भनेकोमेरा सबै पात्रहरु न्यूड छन् र जस्तो पनि भाषा बोल्छन् भने पनि मैले चलचित्र बनाउन पाउनु पर्छ भन्ने दाबी गर्दै चलचित्रकर्मी गणेशदेव पाण्डेले आफ्नो चलचित्र गाँजाबाजाको नाम नदिएर परिवर्तन गरिएको बताए । सेन्सर कथाको छनौटबाट नै सेन्सर गरिने तथा निर्माण भैसके पछि पनि डरको कारणले अंकुश लगाएको हो भन्दै निर्देशक पाण्डे भन्छन् - म न्यूडिटि माथि चलचित्र बनाउन तयारी गर्दैछु यदि राज्यले रोक्न सक्छ भने रोकोस् । त्यस्तै पत्रकार तथा चलचित्रकर्मी अरुणदेव जोशीले चलचित्र देखि शासकहरु डराउँने कुरा बताउँदै आफ्नो विरुद्ध चलचित्रको प्रयोग नहोस् भनेर सेन्सरको व्यवस्था गरिएको भन्दै आफ्नो मत राखे । चलचित्रकर्मीहरु जिम्मेवार हुदै सेल्फ सेन्सर गर्न पर्छ भन्दै पत्रकार शर्माले त्यसपछि भने सेन्सरको आवश्यक नै पर्दैन भन्ने विचार राखिन् । शासक नै निरंकुश भएको कारण असाध्यै अन्याय र अत्याचारहरु समाजमाव्याप्त छ भन्दै चलचित्रकर्मी जोशीले त्यसकारण यथार्थपरक चलचित्रमाबढि सेन्सर भएको पाइन्छ । त्यसैले सेन्सर शासक सुरक्षाकवचको रुपमाप्रयोग भईरहेको बताए । नयाँ मान्छेलाई निर्देशन बन्न नपाउने प्रावधान गलत भएको भन्दै पत्रकार शर्माले तर चलचत्रि जस्तो प्रभावकारी माध्यमको क्याप्टेन निर्देशक अनुभवी हुन आवश्यक भएको बताईन ।

चलचित्रलाई कलाको रुपमा हेर्नुपर्छ भन्दै इतिहासलाई हेर्ने आ-आफ्नो दृष्णिकोट हुन सक्छ । जसले जेपनि गर्न पाइदैन भन्दै पत्रकार शर्मा चलचित्र नागरिक कै बनाउने भएको हुनाले समाजप्रति जिम्मेवार हुनुपर्ने कुरा छलफलको क्रममा बताइन् । अभिव्यक्ति स्वतन्त्रताको उपयोग सबैले गर्न पाउनु पर्ने भन्दै राज्यले चलचित्र माथि सेन्सर गर्ने प्रक्रियालाई बन्द गरोस् भन्ने निर्ष्कष छलफलबाट निकालिएको जानकारी दिइएको थियो ।




## हत्या गर्ने पक्राउ

उदयपुर । आफ्नै श्रीमती ३८ वर्षीया नानुमाया दाहालको हत्या गरेको अभियोगमा कटारी नगरपालिका-५ सिसाघारी बस्ने ४२ वर्षीय पोष्टराज दाहाललाई प्रहरीले पक्राउ गरेको छ । पोष्टराजले बसिरहेको अवस्थामा चिर्पटले प्रहार गर्दा नानुमायाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । आफ्नै ४४ वर्षीय श्रीमान् नारायण बुढामगरको हत्या गरेको अभियोगमा मोहन्याल गाउँपालिका-१ राक्सा बस्ने ३३ वर्षीया थुमा थापामगरलाई गएराति प्रहरीले नियन्त्रणमा लिएको छ । घरायसी बिबादको क्रममा हसियाले प्रहार गरी नारायणको हत्या पश्चात आफै ईलाका प्रहरी कार्यालय पण्डौनमा आएपछि उनलाई नियन्त्रणमा लिएको हो ।

हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को अवसरमा देश-बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।



धन बहादुर लामा
अध्यक्ष

जम्बला हर्बल प्रा.लि. परिवार

# स्थानीय तहको निर्वाचन : कस्तो व्यक्ति उम्मेदवार हुनुपर्छ ?



कृष्णहरि बास्कोटा

नेपालमा संघीयता लागू भएपछि स्थानीय तहको दोस्रो पटक निर्वाचन हुँदैछ । यसमा कस्तो उम्मेदवार हुनुपर्छ भन्ने विषयमा चर्चा सुरु भएको । यसर्थ, संघीय शासन प्रणालीको आधारका रूपमा रहेको स्थानीय तहको निर्वाचनमा तीन तहका सरकारबीच सहकारिता, समन्वय र सहअस्तित्वका आधारमा नेतृत्व गर्न सक्ने व्यक्ति उम्मेदवार हुनुपर्छ । नेपालको संविधानको अनुसूची ८ मा उल्लेख गरिएको २२ वटा कामहरू समुचित ढंगले सम्पादन गर्न सक्ने व्यक्ति नै उत्तम उम्मेदवार हुन सक्छ । त्यसैले स्थानीय तहको अधिकार क्षेत्रका विषयमा सर्वप्रथम विवेचना गर्न जरुरी छ ।

संविधानको अनुसूची ८ मा गाउँ र नगर प्रहरी भर्ना गर्ने कानुनी व्यवस्था छ । उक्त प्रहरीले तत्कालका लागि नेपाल सरकारको सुरक्षा निकायसँग समन्वय गरी काम गर्नुपर्छ । साथै, सामान्य शान्ति सुरक्षा र अमनचैन कायम राख्ने, रात्रिको समयमा गस्ती गर्ने, सार्वजनिक जमिनको सुरक्षा, छाडा चौपायाको व्यवस्थापन गर्ने काम गर्नुपर्छ । फुटपाथमा अनाधिकृत पसल राख्न नदिने, जथाभावी पार्किङ्ग गर्न नदिने, मदिरा पसललाई तोकिएको अवधिपछि बन्द गराउने, सार्वजनिक स्थलमा होहल्ला गर्ने, लाउड स्पीकर बजाउने, सार्वजनिक स्थलमा कसैले कब्जा जमाउने कामको नियन्त्रण गर्ने काम गर्नुपर्छ । यी काममा पारख व्यक्ति उम्मेदवार हुनुपर्छ ।

यसैगरी, संविधान अनुसार सहकारी संस्थाको दर्ता, नवीकरण, सञ्चालन, नियमनको जिम्मेवारी स्थानीय तहमा छ । यसर्थ, सहकारीका सुपथ मूल्य पसल खोल्नुपर्छ । पालिकाभित्रको माग र आपूर्तिको व्यवस्थापन गर्ने जिम्मेवारी सहकारीलाई दिनुपर्छ । सहकारी खेती र सामूहिक खेती गर्ने तथा नागरिकमा बचत गर्ने बानीको विकास गर्नेर् र उन्नत जातका बीउ बिजन बिक्री गर्ने, अर्गानिक खेती गर्ने, प्राङ्गारिक मलको उत्पादन र प्रयोग बढाउने, जैविक विषादी उत्पादन र उपयोग गर्ने, सिँचाई सुविधा व्यवस्थापन गर्ने कामको व्यवस्थापन गर्नुपर्छ । यी कुराको नेतृत्व लिन सक्ने व्यक्ति उम्मेदवार हुनुपर्छ । पालिकाहरूले एफएम पनि सञ्चालन गर्नुपर्छ । यो भनेको काम गर र 'मार्केटिङ्ग' गर भनेको हो । यस स्थितिमा पालिकाहरूले नयाँ एफएम खडा गर्ने, केही सञ्चार विज्ञलाई रोजगारी दिने, जनतामा निरन्तर सूचना प्रवाह गर्ने र भएका एफएमहरूलाई सुव्यवस्थित गर्ने काममा जुट्नु बुद्धिमानी हुनेछ ।

स्थानीय कर, सेवा शुल्क उठाउने जिम्मेवारी पनि पालिकाको काँधमा छ । यसर्थ, पालिकाहरूले सेवा प्रवाह गर्नुका साथै कर पनि असुली गर्नुपर्छ । हाल कर उठाएर सिंह आएको अनुभूति भएको, तर सेवा प्रवाह नहुँदा दरबार आएको अनुभूति भएन भनी आलोचना भैरहेको छ । अबको नेतृत्वले यस भ्रमलाई चिर्नुपर्छ । स्थानीय सेवा संचालानका लागि कानुन जारी हुन बाँकी छ । यसर्थ, सेवाका शर्तहरू तयार गर्ने, कर्मचारी व्यवस्थापनको नीति निर्माण गर्ने, वृत्ति विकास योजना तयार गर्ने लगायतको काम गर्न सक्ने जनप्रतिनिधि उम्मेदवार बन्नुपर्छ । स्थानीय तहले तथ्यांक र अभिलेख व्यवस्थापन गर्नुपर्छ । यसका लागि स्थानीय तहले नगर र गाउँ प्रोफाइल तयार गर्नुपर्छ । यस्ता तथ्याङ्कहरूमा घरधुरी, परिवार र जातजातिको तथ्याङ्क संकलन गर्नुपर्छ । जग्गा जमिनको वर्गीकरण, सार्वजनिक जमिन, वन क्षेत्र, खोला र मैदानको विवरण तयार गर्नुपर्छ ।

यसैगरी, कृषि उब्जनी, पशुपालन, पंक्षी, चराचुरुङ्गी, वन्यजन्तुको संख्या यकीन गर्नुपर्छ । स्कुल, विद्यार्थी, शिक्षक, स्वास्थ्य चौकी, बिरामी संख्या, हुलाक, पत्राचारको संख्या, सहकारीका बचतकर्ता, घरेलु उद्योगका लागि तालिम लिएका व्यक्तिहरूको 'इन्भेण्टरी' तयार गर्नुपर्छ । साथै, स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरूको प्रोजेक्ट बैंक बनाउनु पर्छ । त्यो उम्मेदवार उत्कृष्ट ठहरिनेछ, जो दलीय स्वार्थबाट माथि उठ्न सक्छ । जसले व्यक्तिगत स्वार्थ राख्दैन । जसमा जिम्मेवारी बोध गर्ने क्षमता छ । जसले विषयगत समिति गठन गरी सबैलाई 'अनबोर्ड' गर्न सक्छ । संघीय र प्रदेशका योजना कार्यान्वयन र समन्वय गर्ने, बस्ती विकास योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने कामका लागि एकजना विकास विज्ञ नियुक्ति गरी निरन्तर आयोजना अपडेट गर्नुपर्छ । यी कामको अनुभवी व्यक्ति उम्मेदवार बन्नुपर्छ ।

स्थानीय तहले आधारभूत र माध्यमिक शिक्षा सञ्चालन गर्नुपर्छ । नेपालको संविधानले आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क गरेको छ । यस अन्तर्गत, मातृ भाषामा पठनपाठन गर्ने, पाठ्यक्रम तर्जुमा गरी लागु गर्ने, विद्यालयको नामाकरण गर्ने, छात्रवृत्ति दिने र तालिम दिनेसम्मका काम पालिकाहरूले गर्नुपर्छ ।

आधारभूत स्वास्थ्य र सफाईको जिम्मेवारी पनि स्थानीय तहको काँधमा छ । यसर्थ, आम गाउँबासी वा नगरबासीले आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति पालिकाबाट पाउनुपर्छ । साथै, आम नागरिकमा स्वास्थ्य शिक्षा दिनुपर्छ । पालिकाले फोहोर व्यवस्थापन गर्नुपर्छ । जनतामा सफाईको शिक्षा दिनुपर्छ । जनतामा कुहिने र नकुहिने फोहोरको व्यवस्थापन गर्ने तालिम दिनुपर्छ । फोहोरलाई मोहोरमा रूपान्तरित गर्नुपर्छ । पोषण र प्रजननसम्बन्धी जानकारी दिने तथा खानेपानी, सरसफाई, औषधि लगायतको व्यवस्थापन पनि पालिकाले गर्नुपर्छ । स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधताको व्यवस्थापन गर्ने र पालिकाभित्रको स्थानीय उत्पादन बिक्री गर्न कोसेली घर स्थापना गर्ने काम पनि पालिकाकै हो । प्रत्येक वडामा हाट बजार लाग्ने व्यवस्था गर्नुपर्छ । नियमितरूपमा बजार अनुगमन गर्नुपर्छ । मूल्यसूची लगायतको अनुगमन गर्नुपर्छ । प्रत्येक पालिकाले माग र आपूर्तिको व्यवस्थापन गर्नुपर्छ । यी काममा पनि व्यवहारिक ज्ञान भएको व्यक्ति उम्मेदवार बन्नुपर्छ । यस अतिरिक्त, स्थानीय तहले स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक र सिँचाईको पनि व्यवस्थापन गर्नुपर्छ । स्थानीय सडक र ग्रामिण सडक गाउँ बस्तीसम्म पुग्ने हुनुपर्छ । तर, कृषि सडक घडेरीमा पुग्ने होइन, खेतीमा पुग्ने हुनुपर्छ । साथै, कृषि भूमिमा सिँचाई सुविधा पुऱ्याउनु पर्छ । सिँचाई सुविधा प्राप्त भूमिको प्लटिङ्ग रोक्नु पर्छ । बस्ती बसाउन 'ल्याण्ड पुलिङ्ग' गर्नुपर्छ । यी कुरामा खरो उत्रिने व्यक्ति नै उपयुक्त उम्मेदवार हुनेछ ।

गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यबस्थापन गर्ने काम पनि पालिकाकै हो । यसैगरी, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारीको जिम्मेवारी पनि पालिकामै रहेको छ । यस अन्तर्गत पालिकाहरूले कृषि क्षेत्रमा अर्गानिक उत्पादनलाई बढावा दिनुपर्छ । रसायनिक मल र विषादीको सट्टा क्रमशः प्राङ्गारिक मल र जैविक विषादीको खपत बढाउनु पर्छ । उन्नत जातका बीउ बिजनको माध्यमद्वारा सहकारी र सामूहिक खेतीमा जोड दिनुपर्छ । खेती-किसानीसँगै पशुपालन लाई एकीकृत ढंगले विकास गर्नुपर्छ । शित भण्डार, चरन विकास, पशु बधशाला, प्रकोप नियन्त्रण लगायतको काम गर्नुपर्छ ।

प्रत्येक पालिकाले ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन गर्नुपर्छ । यसैगरी, बेरोजगारको तथ्यांक संकलन गर्ने खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सम्बन्धी काम पनि गर्नुपर्छ । यसर्थ, सबै पालिकाहरूले आफ्ना प्रत्येक नागरिकको घरसम्म खानेपानीको पाईप पुऱ्याई दिनुपर्छ । गाउँबासी वा नगरबासीलाई चौबिसै घण्टा विद्युत सेवा प्रदान गर्नुपर्छ । यदि नेशनल ग्रीड पुगेको छैन वा लोडसेडिङ्ग हुने गरेको छ भने साना जलविद्युत आयोजनामा लगानी गर्नुपर्छ । जलविद्युतका लागि उपयुक्त खोला वा नदी छैन भने वैकल्पिक ऊर्जा अर्थात् सोलार, टर्बाइन, गोबर ग्यास प्लाण्ट वा अन्य विकल्पको खोजी गर्नुपर्छ । हरेक पालिकाले विपद व्यवस्थापन, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण गर्ने र भाषा, संस्कृति र ललितकताको संरक्षण र विकास सम्बन्धी काम पनि गर्नुपर्छ । यी सबै कामको समन्वय र नेतृत्व गर्न सक्ने व्यक्तिनै आगामी स्थानीय तहको निर्वाचनका लागि उम्मेदवार बन्नुपर्छ ।

यसर्थ, आगामी स्थानीय तहको निर्वाचनमा सक्षम नेतृत्वको खाँचो छ । संस्थागत एवं स्वमूल्यांकनको नतिजामा उत्कृष्ट ठहरिएको पालिकाको नेतृत्वलाई पुनः मौका दिनुपर्छ । महिलाको संख्या साविकको भन्दा घटी नहुने कुराको प्रत्याभूति गर्नुका साथै नगरप्रमुख र अध्यक्ष एवं वडाअध्यक्षको उम्मेदवारमा उनीहरूलाई उच्च प्राथमिकता दिनुपर्छ । यथार्थमा, आगामी निर्वाचनको उम्मेदवार चरित्रवान हुनुपर्छ । समावेशी योजना बनाउन सक्ने र समूह गतिशीलतामा विश्वास गर्ने हुनुपर्छ । त्यो उम्मेदवार उत्कृष्ट ठहरिनेछ, जो दलीय स्वार्थबाट माथि उठ्न सक्छ । जसले व्यक्तिगत स्वार्थ राख्दैन । जसमा जिम्मेवारी बोध गर्ने क्षमता छ । जसले विषयगत समिति गठन गरी सबैलाई 'अनबोर्ड' गर्न सक्छ । जोसँग अनुभव छ, तथा समाजमा उच्च नैतिक चरित्र प्रमाणित गरेको छ, त्यही व्यक्ति सही उम्मेदवार हो । स्थानीय सरकार बुझ्केको, जनताको अपेक्षा

बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछापमा टाइफाइड रोग विरुद्धको खोप अभियान सुरु

रामेछापमा पनि आजबाट टाइफाइड रोग विरुद्धको खोप अभियान सुरु भएको छ । स्वास्थ्य कार्यालय रामेछापमा रामेछापका प्रमुख जिल्ला अधिकारी दिपक कुमार पहाडीले खोप अभियानको शुभारम्भ गर्नुभयो । खोप अभियानको पहिलो दिन आज गंगालाल एकेडेमीका १४ जना विद्यार्थीलाई खोप लगाइएको छ । जिल्लाभरका ४४ हजार ४ सय १० जना बालबालिकालाई खोप लगाइने जिल्ला स्वास्थ्य कार्यालय रामेछापका प्रमुख जितेन्द्र शाहले बताउनुभयो । उहाँका अनुसार ३६ हजार ३ सय ३० जना विद्यालयका बालबालिका र विद्यालय बाहिरका ८ हजार ८७ जना बालबालिकालाई टाइफाइड विरुद्धको खोप लगाउने लक्ष्य छ । १५ महिनादेखि १५ वर्षसम्मका बालबालिकालाई खोप लगाउनका लागि जिल्लामा २९० वटा खोप केन्द्र तोकिएको छ ।

## रामेछाप नगरपालिकाको मेयर एमालेबाट रोशन पाख्रिन उम्मेदवार

यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि नेकपा एमाले रामेछाप नगरपालिकाले मेयर र उपमेयरको उम्मेदवार सर्वसम्मत टुंग्याइएको छ । शुक्रबार बसेको एमाले नगर कमिटीको बैठकले मेयरमा रोशन पाख्रिन र उपमेयरमा सिता केसीलाई उम्मेदवार बनाउने निर्णय गरेको हो । मेयरका उम्मेदवार पाख्रिनले रामेछाप नगरपालिकाको मेयर जितेको खण्डमा विशिष्ट महत्व बोकेको रामेछाप बजारलाई सुन्दर र पर्यटकीय नगरीका रुपमा विकास गरिने बताउनुभयो । उहाँले समग्र रामेछाप नगरपालिकाको विकासमा आफुले सक्दो काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । मेयरका उम्मेदवार पाख्रिन २०७४ सालको स्थानिय तहको निर्वाचनमा पनि रामेछाप नगरपालिकाको मेयरमा उठ्नुभएको थियो । तर उहाँ हालका मेयर नर ब थापा मगरसँग पराजित हुनुभएको थियो ।

नेकपा एमालेले मन्थली नगरपालिका वडा नम्बर ११ गेलुमा वडाध्यक्षको उम्मेदवार सर्वसम्मत रुपमा चयन गरेको छ । वडा कमिटीको सोमबार बसेको भेलाले वडाध्यक्षको उम्मेदवारमा कृष्णबहादुर पुलामी (भुपाल) लाई सर्वसम्मत चयन गरेको हो । लामो समयदेखि समाजसेवामा क्रियाशील पुलामीले विभिन्न सामाजिक संघ संस्थाको सफल नेतृत्व गरिसक्नुभएको छ ।

## दोरम्बा शैलुङ गाउँपालिकामा माओवादीबाट १५ जनाको दावी

रामेछाप । रामेछापको दोरम्बा सैलुङमा अध्यक्षका लागि माओवादी केन्द्रबाट १५ जनाले दाबी गरेका छन् । माओवादी दोरम्बा गाउँ कमिटीको बैठकमा आगामी निर्वाचनका लागि १५ जनाले अध्यक्षमा दावी गरेका हुन् । अध्यक्षमा वर्तमान गाउँपालिकाका अध्यक्ष कमानसिंह तामाङ, उपाध्यक्ष कृशला घिसिङसहित १५ जनाले अध्यक्षमा दावी गरेका छन् । त्यसैगरी अध्यक्षको लागि गर्नेहरुमा माअरुोवादी केन्द्र रामेछापका जिल्ला संयोजक मैन कुमार मोक्तान, कुमारी गौतम, यसु चौलागाई, हिरा बहादुर श्रेष्ठ, तिलक थापा मगर, अम्बिका प्रसाद गजुरेल, रेम बहादुर थापा मगर, चन्द्र बहादुर मगर नेत्र मोक्तान धनदेवी श्रेष्ठ, फिरोज श्रेष्ठ, कर्म सिंह तामाङ, चित्तलाल श्रेष्ठ रहेको छन् ।माओवादी दोरम्बा शैलुङ गाउँ कमिटीका अध्यक्ष हिरा श्रेष्ठले उपाध्य पदका लागि विर्खा बहादुर रजान मगर 'उदय', रिता महते र भीम बहादुर थापा मगरले दाबी गरेका छन् । दावी गरेकाहरुबीच सहमति जुटन नसके माथिल्लो कमिटीमा नाम सिफारिस गरिनेछ । २०७४ को स्थानीय चुनावमा माओवादी केन्द्रले नेतृत्व बहुमतसहित विजयी भएको थियो । गाउँपालिकामा कमान सिंह तामाङले ४ हजार २४१ मत ल्याउँदा कृशला फिसिङले ४ हजार ३८९ मत ल्याइ विजयी भएका थिए । सात वटा वडा रहेको गाउँपालिकामा माओवादी केन्द्रले ५ र एमालेले २ वटा वडामा जित हासिल गरेको थियो ।

## रामेछाप जिल्लामा गठबन्धन हुने

रामेछाप । रामेछापमा सत्ता गठबन्धनको बैठक मंगलवार बिहान बस्ने भएको छ । कांग्रेस रामेछापको जिल्ला कार्यसमितिको बैठकले गठबन्धन गर्ने निर्णय गरेसँगै सत्ता गठबन्धनको बैठक बस्ने भएको हो । कांग्रेसले निर्णय नगर्दा सत्ता गठबन्धनको बैठक बस्न सकेको थिएन । रामेछाप कांग्रेसका सभापति पूर्णबहादुर तामाङले मंगलवारबाट सत्ता गठबन्धनको औपचारिक बैठक बसेर संवाद अघि बढाउने बताए । उनका अनुसार सत्ता गठबन्धनभित्र रहेका दलहरुसँग औपचारिक बैठक बसेर चुनावी तालमेलको विषयमा छलफल हुनेछ । सत्ता गठबन्धनमा आबद्ध माओवादी केन्द्रले जिल्ला इन्चार्ज श्याम कुमार श्रेष्ठ र जिल्ला संयोजक मैन कुमार मोक्तान रहेको वार्ता टोली गठन गरेको छ । नेकपा एकीकृत समाजवादीले जिल्ला इन्चार्ज देवशकंर पौडेलको नेतृत्वमा कार्यदल बनाएको छ । रामेछापमा कांग्रेस, माओवादी र एकीकृत समाजवादीबीच चुनावी तालमेल हुने भएको छ । चुनावी तालमेल गर्दा जिल्लाको ८ वटा स्थानीय तह र ६४ वडामा कहाँ कसले लिने भन्ने विषयमा सत्ता गठबन्धनले निर्णय लिनेछ । रामेछापमा सुनापति, दोरम्बा शैलुङ गाउँपालिका माओवादीले दावी गरेको छ । त्यसैगरी रामेछाप नगरपालिकामा कांग्रेसले दावी गर्दा मन्थली नगरपाकिलामा एकीकृत समाजवादीले दावी गर्दै आएको छ । बाँकी एमालेले जितेको पाँच वटा स्थानीय तहमा भने गठबन्धनभित्र सिट बाँडफाँड गरेर चुनावमा जाने बताइएको छ ।

## गोकुलगंगाको माथिल्ला भुभागमा बस सेवा सञ्चालन हुने

रामेछाप । रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका अर्न्तगत पर्ने माथिल्लो भुभागमा पनि यात्रुहरुलाई सुविधा दिने उदेश्यले पुर्व अरनिको प्रा.लिले सेवा दिने भएको छ । मितिः २०७८ साल चैत्र ३० गते पुर्व अरनिको कार्यलयको निर्णय अनुसार अघिल्लो दिन काठमाडौवाट गएको वस रसनालुमा वास बसेर भोलिपल्ट विहान, सरनालु बुर्के, केसे, टगम, पात्ले हुदै लिसे, चउसपातल,सोर्ते भएर किपा डाडा विगु पुगेर च्याङपारङमा गई बस्ने र सोही बसले भोलिपल्ट सोही वाटो हुदै काठमाडौ जाने गरी सुविधा दिन लागेको पुर्व अरनिको प्रा.लिले प्रेस विज्ञप्ति जारी गरेर जानकारी गराएको हो । उक्त माथिल्ला भुभागका नागरिकहरुलाई उनिहरुले उत्पादन गरेका कृषिजन्य सामग्री ओसार प्रसार गर्न तल बजारमा ल्यान असुविधा भएको थियो । आउदा दिनमा यस पुर्व असरनिको यातायात प्रा.लि. सेवा निरन्तर दिएमा माथिल्लो भुभागमा उत्पादन हुने आग्रानिक आलुको निर्यात गर्न सजिलो हुनेछ भने उक्त क्षेत्रहरुलाई पर्यटनको विकासमा काम गर्न सकिने सम्भावना रहेको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



## नेपाल व्यवस्थापन संघमा मुक्तिनाथ बैंकका पोखरेल विजयी

काठमाडौ । मुक्तिनाथ विकास बैंकका प्रमुख कार्यकारी अधिकृत एवमं डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपालका अध्यक्ष प्रदयूमन पोखरेल नेपाल



व्यवस्थापन संघको कार्यकारिणी समितीमा व्यक्तिगत तर्फ अत्याधिक मतल्याई विजयी हुनु भएको छ ।

शनिबार राजधानीको याक एन्ड यति होटेलमा नेपाल व्यवस्थापन संघले आयोजना गरेको समारोहमा उक्त मतदानको विजेताहरुको मत संख्याका बारे जानकारी गराइएको थियो । उक्त विजय बाट एक बहुमुखी व्यक्तिको नेतृत्वबाट बैंकका सम्पूर्ण कर्मचारीहरुमा थप उर्जा मिलेको बैकले जानकारी दिएको छ ।

## मुक्तिनाथ विकास बैंक र दराज प्रा.लि. बीच सम्झौता

काठमाडौ । मुक्तिनाथ विकास बैंक लि.ले आफ्ना भिषा डेविट कार्डवाहक ग्राहकहरुलाई थप सेवा दिन दराज प्रा.लि. सँग एक कार्यक्रम बीच सम्झौता गरेको छ । बैंकले दराजसँग नयाँ नेपाली वर्षको अवसरमा अनलाइन सपिङ्ग




गर्दा आफ्ना ग्राहकलाई छुट प्रदान गर्ने सम्बन्धी सम्झौता गरेको छ । उक्त सम्झौता अनुसार बैंकका ग्राहकहरुले दराजद्वारा अनलाइन सामान खरिद गरि अनलाइन बाटै भिषा डेविट कार्ड प्रयोग गरी भुक्तानी गर्दा १०% सम्म छुट प्राप्त गर्न सक्ने बैकले जारी गरेको बिज्ञप्तिमा उल्लेख छ ।

कार्यक्रममा बैंकका तर्फबाट, प्रमुख-डिजिटल बैंकिङ्ग इकाइ र बैकास्योरेन्स राजेन्द्र पाण्डे, प्रमुख- बजारीकरण प्रबद्र्धन तथा संस्थागत मामिला विभाग बसन्त बक्शी, र अन्य कर्मचारीहरुको उपस्थिति तथा दराज प्रा.लि. को तर्फबाट आधिकारिक सदस्यहरुको उपस्थिति रहेको थियो । बैंकको भिषा डेविट कार्ड प्रयोगकर्ताहरुले नेपाली नयाँवर्षको उपलक्ष्यमा हुन लागेको नव वर्ष २०७९ अभियान २०७८ चैत्र २८ को दिन देखि सिमित समयको लागी डेबिट कार्ड मार्फत अग्रिम भुक्तानीमा अधिकतम १०% वा रु १,००० सम्मको छुट प्राप्त गर्न सक्नेछन् । उक्त छुट प्राप्तगर्नको लागि ग्राहकहरुले आफ्नो कार्डमा ई-कमर्स सक्रियगर्नु पर्दछ ।आफ्नो कार्डमाई-कमर्स सक्रिय गर्नको लागि ग्राहकहरुले बैंकको नजिकको शाखामा आवेदनदिन अनुरोध गरेको छ ।

उक्त सम्झौताको मुख्य उद्देश्य बैंकका ग्राहकहरुलाई नयाँ वर्षमा सजिलोसगँ घरमै बसी अनलाइनबाटै सामान खरिद र भुक्तानी गर्दा छुट प्राप्त गर्न सकिने अवसर भएको उल्लेख छ । तसर्थ यस सम्झौताले विशेष छुट उपलब्ध गराउने हुँदा ग्राहकहरुलाई विशेष सहयोग पुग्ने बैंकले विश्वास राखेको उल्लेख छ ।

## आइएमई पे र दराजबीच सम्झौता, नव वर्ष २०७९ अभियान सुरु

आइएमई ग्रुपद्वारा संचालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित आइएमई पेले दराजसँग नयाँ नेपाली वर्षको अवसरमा अनलाइन सपिङ्ग गर्दा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता गरेको छ । आइएमई पे सेवाग्राहीले दर ाजद्वारा अनलाइन सामान खरिद गरि अनलाइनबाटै भुक्तानी गर्दा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्ने ब्यवस्था मिलाइएको छ ।

उक्त सम्झौतापत्रमा आइएमई पेका तर्फबाट सहायक महाप्रवन्धक प्रमोदमान सिंह बस्नेत र दराजका तर्फबाट भुक्तानी प्र्रबन्धक जोनाम भुर्तेलले हस्ताक्षर गर्नुभएको हो । आइएमई पे सेवाग्राहीले नेपाली नयाँ वर्षको उपलक्ष्यमा हुन लागेको नव वर्ष २०७९ अभियान चैत्र २८ को गतेदेखि बैशाख ७ गतसम्मको लागि आईएमई पे मार्फत अग्रिम भुक्तानीमा अभियानको पहिलो दिन विहान १२ देखि १२:३० सम्म १० प्रतिशत छुट, १ हजार रुपैयाँ अधिकतम र अभियान सुरु भएको पहिलो आधा घण्टा पछि दैनिक च्याकज ज्यगच आधा-घण्टामा १० प्रतिशत छुट अधिकतम ७५० रुपैयाँसम्म हुने ब्यवस्था मिलाइएको छ । च्याकज ज्यगच को समय बिहान ८ बजे देखि ८:३० सम्म र दिउँसो ३ बजे देखि ३:३० सम्म हुनेछ साथै दराजको रु. १ को गेममा पनि सहभागि भएर Samsung A03 Core, Q&U Queen Size Bed 7 X 5 ft, NARZO 50 - Narzo by realme) जस्ता आकर्षक उपहार पनि जित्न सक्नेछन् ।

यस अभियानको मोडालिटी सामूहिक भाउचर हुनेछ, जहाँ प्रयोगकर्ताले IME Pay भाउचर सङ्कलन गरी छुट रिडिम गर्नेछन् । यस सम्झौताको मुख्य उद्देश्य आइएमई पे सेवाग्राहीहरुलाई नयाँ वर्षमा सजिलोसँग घरमै बसी अनलाइनबाटै सामान खरिद र भुक्तानी गर्दा छुट प्राप्त गर्न सकिने अवसर प्रदान गर्नु हो । तसर्थ यस सम्झौताले विशेष छुट उपलब्ध गराउने हुँदा ग्राहक महानुभावहरुलाई विशेष सहयोग पुग्ने विश्वास आइएमई पेले लिएको छ ।

## बैंक अफ काठमाण्डूका कार्ड बाहकलाई दराज र सस्तोडिलमा नयाँ वर्षको छुट योजना

बैंक अफ काठमाण्डू लिमिटेडले आफ्नो डेबिट तथा क्रेडिट कार्ड बाहक महानुभावहरुलाई दराज र सस्तोडिलमा नयाँ वर्षमा विशेष छुट सहितको योजना ल्याएको छ । नेपालीहरुको नयाँ वर्ष २०७९ लाई लक्षित गरी बैंकले कार्ड बाहक महानुभावहरुले दराजबाट आफुलाई आवश्यक सामान खरिद गर्नुपरेमा आफ्नो




डेबिट तथा क्रेडिट कार्ड प्रयोग गरी अनलाइनको माध्यमबाट प्रिपेमेन्ट गर्दा १५ प्रतिशतसम्मको छुटको सुबिधा उपयोग गर्नसक्नु हुनेछ । बैंकको कार्डबाहक महानुभावहरुले यस योजनाबाट आफुलाई आवश्यक सामान दराजबाट खरिद गरी अनलाइन माध्यम मार्फत प्रीपेमेन्ट गर्दा बैंकको क्रेडिट कार्ड प्रयोग गर्नुभएमा १५ प्रतिशत वा अधिकतम रु. १५०० र डेबिट कार्ड प्रयोग गर्नुभएमा १० प्रतिशत वा अधिकतम रु. १००० सम्म छुटको पाउनुहुनेछ । साथै, कार्डबाहक महानुभावहरुले सस्तोडिलमा आफुलाई आवश्यक सामान खरिद गरी बैंकको डेबिट तथा क्रेडिट कार्ड मार्फत भुक्तानी गर्नुभएमा २०% वा अधिकतम रु.२,००० सम्मको छुट पाउनुहुनेछ । यस नयाँ वर्षको योजनामा बैंकको कार्डबाहक महानुभावहरुले कार्डको माध्यमबाट अनलाइन भुक्तानी गरी २० प्रतिशतसम्मको छुटसहित विभिन्न किसिमका अग्रणी राष्ट्रिय र अन्तर्राष्ट्रिय ब्रान्डका सामानहरु खरिद गर्न सक्नुहुनेछ । बैंक अफ काठमाण्डू लिमिटेडले ९७ शाखा कार्यालयहरु, ८७ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ ।

## एनसीसी बैंक र दराजबीच सम्झौता

नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड (एन.सी.सी बैंक) र दराज अनलाइन सपिङबिच नयाँ वर्षको अवसरमा अनलाइन सपिङ्ग गर्दा छुट प्रदान गर्नेसम्बन्धी सम्झौता गरेको छ । बैंकका ग्राहकहरुले दराजद्वारा अनलाइन सामान खरिद गरी अनलाइनबाटै भुक्तानी गर्दा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्ने



छन् । उक्त सम्झौता पत्रमा बैंकका तर्फबाट नायव महा-प्रबन्धक मुकुन्द सुवेदी र दराजका तर्फबाट डिजिटल पेमेन्ट पार्टनरसीप प्रमुख अरुण फुयाँलले हस्ताक्षर गर्नुभएको छ । बैंकको कार्ड प्रयोगकर्ताहरुले नेपाली नयाँ वर्षको उपलक्ष्यमा हुन लागेको नव वर्ष २०७९ अभियान २०७८ चैत्र २८ को दिनदेखि सिमित समयको लागि डेबिट कार्डमार्फत अग्रिम भुक्तानीमा अधिकतम १० प्रतिशत वा १ हजारसम्मको छुट र क्रेडिट कार्डमार्फत अग्रिम भुक्तानीमा अधिकतम १५ प्रतिशत वा १ हजार ५ सयसम्मको छुट प्राप्त गर्न सक्ने छन् । उक्त छुट प्राप्त गर्नको लागि ग्राहकहरुले आफ्नो कार्डमा ई-कमर्स सक्रिय गर्नु पर्छ । ग्राहकहरूलाई आफ्नो कार्डमा ई-कमर्स सक्रिय गर्न र क्रेडिट कार्डको लागि आवेदन दिन अनुरोध गरिन्छ ।

## मञ्जुश्री फाईनान्सको शाखा कार्यालय गोंगबुमा

मञ्जुश्री फाईनान्स लिमिटेडले काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ०४, गोंगबुमा आफ्नो २४ औं शाखा उद्घाटन गरेको छ । मञ्जुश्री फाईनान्स



लिमिटेडको संस्थापक अध्यक्ष तथा नेपाल सरकारको पूर्व मुख्य सचिव एवं नेपालको तर्फबाट अमेरिकाको लागि राजदूत दामोदर प्रसाद गौतमले एक समारोहकाबीच उक्त शाखा कार्यालयको उद्घाटन गर्नुभयो । २०७८ साल पुस मसान्त सम्म रु. १ अर्ब ३५ करोडचुक्ता पुँजी एवं रु ५० करोड डिवेन्चर जारी गरेको राष्ट्रिय स्तरको यस फाईनान्सले रु ११.६३ अर्व निक्षेप संकलन गरि रु ११.०२ अर्व कर्जा परिचालन गरेको छ । यसका साथै यस फाईनान्सले विप्रेशण, मोवाइल बैकिंग, इन्टरनेट बैकिंग र एटिएम सेवालगायत सरल कर्जा र निक्षेपमा आकर्षक ब्याजदरको सुविधा दिंदै आएको छ ।

# अर्थ संसार

## सहकारी क्षेत्रमा विद्यमान कानूनहरुको संशोधन जरुरी

काठमाडौं । सहकारीमा युवाहरुको अर्थपूर्ण सहभागिता तथा उद्यमशिलता वृद्धिका लागि विद्यमान कानूनहरुको संशोधन र विनियम तथा आन्तरिक कार्यविधिहरुको परिमार्जन जरुरी भएको आवाज उठेको छ । राष्ट्रिय सहकारी महासंघले सहकारीमार्फत युवा उद्यमशीलता वृद्धि गर्ने उद्देश्यले आयोजना गरेको दुई दिने नेशनल युथ फोरमका अवसरमा सहभागीहरुले युवाहरुलाई उद्यमशिलताका लागि प्रेरित गर्न सोही अनुरुपको कार्ययोजना जरुरी रहेको बताए । शुक्रबार र शनिबार काठमाडौंमा सात वुँदे घोषणा पत्र जारी गर्दै सम्पन्न भएको उक्त फोरममा सहकारीमा युवाहरुको अर्थपूर्ण सहभागिता तथा उद्यमशिलता वृद्धिका लागि विद्यमान कानुनहरुको संसोधन र विनियम तथा आन्तरिक कार्यविधिहरुको परिमार्जन गरी अनुकूल वातावरण निर्माणका लागि संयुक्त पहलकदमी गर्ने, युवाहरुलाई उद्यमशिलताका लागि प्रेरित गर्न सम्पूर्ण सहकारी संघ संस्थामा युवा समन्वय उपसमिति गठन गरी युवा लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने, युवाहरुको नविनतम सोच र सृजनात्मक क्षमतालाई पूर्ण उपयोग हुने गरी सहकारी संघ संस्थाको पूँजीलाई सहकारी उद्यम विकासमा अधिकतम परिचालन गर्ने लगायतका माग पनि अघि सारेका छन् । सहकारी संघ संस्थाको बस्तु तथा सेवालाई प्रतिस्पर्धी बनाउन सहकारी शिक्षा तथा नविनतम प्रविधिको प्रयोगमा व्यापकता ल्याउने र सहकारी युवा उद्यमशिलतालाई व्यापक बनाउन र उत्पादन तथा उत्पादकत्व बृद्धि, एवं रोजगारी सृजना गर्न सार्वजनिक, निजी र सहकारी साझेदारी मोडेललाई प्रभावकारी वनाउने लक्ष्य फोरमले लिएको छ । यस्तै सहकारी मार्फत उत्पादित बस्तु तथा सेवाको मूल्य तथा आपूर्ति श्रृंखला विकास गरी




सहकारी ब्राण्ड प्रवर्द्धन गर्ने ,सहकारीमा युवा उद्यमशिताका नतिजाहरुको तथ्यांक एकिकृत गरी सहकारीको सक्षमता प्रदर्शन बताइएको छ । राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेलले सहकारी अभियानमार्फत युवाहरुलाई उद्यमशिलता जोड्नसके समृद्ध नेपाल निर्माणमा सहयोग पुग्ने धारणा राखे । उनले सहकारी मार्फत उद्यमशिलताको विकास गर्न एक जुट भएर युवा सहकारीकर्मीहरु जुट्नुपर्ने बताए । फोरममा युवा र उद्यमशीलता सम्बन्धी विभिन्न चार विषयमा छलफल र प्रस्तुती भएको महासंघका संचालक तथा युवा फोरमका संयोजक सागर ढकालले जानकारी दिए । उनले कार्यक्रम गर्नुको मुल उद्देश्य भनेको सहकारी मार्फत उधमशिलतामा युवाहरुको सहभागिता बढाउन प्रेरणदायी भएको बताए । दुई दिनसम्म चलेको फोरममा देशका सातै प्रदेशका प्रतिनिधिहरु सहभागी थिए । फोरममा देशभरका दुई सय पचास सहकारीका सञ्चालक, युवा उद्यमीहरु र प्रतिनिधिहरुको सहभागिता रहेका थिए ।

उक्त कार्यक्रममा सहकारीबारे आफ्नो प्रश्तुती दिंदै पूर्व अर्थमन्त्री सुरेन्द्र पाण्डेले नेपालमा राजनीतिक आन्दोलन सकिएकाले अब आर्थिक आन्दोलनमा लाग्नुपर्ने पनि बताए । अमेरिका, बेलायत, जापान, युरोप जस्ता देशहरु कुनै बेला अविकसित रहेको उदाहरण दिंदै पाण्डेले नेपाल पनि अब आर्थिक क्रान्तिमार्फत समृद्धितर्फ अगाडि बढ्नुपर्ने बताए । आगामी निर्बाचनमा सही पार्टी र उम्मेद्वारलाई विजयी गराउन आग्रह गर्दै पूर्वमन्त्री पाण्डेले चुनावले नै मुलुक समृद्धिको आधार तयार गर्ने बताए । कार्यक्रमका अवसरमा आफ्ना अनुभव सुनाउँदै नेपाल उद्योग वाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष एवम आइएमइ ग्रुपका संस्थापक चन्द्रप्रसाद ढकालले सहकारीको माध्यमबाट पूँजी, श्रम र सीपलाई अघि बढाउन सकियो भने सफल हुन सकिने बताए । उनले धैर्यता, मेहेनत र प्रतिबद्धतालाई प्राथमिकतामा राखेर सहकारीमार्फत काम गर्न सकियो भने सफल बन्न सकिने बताए । उद्यमशीलताका लागि आफूहरु सहकार्य गर्न जहिल्यै तयार रहेको जानकारी दिंदै ढकालले चन्द्रगिरी हिल्स र आइएमइ रेमिट्यान्टसले पाएको व्यवसायिक सफलताको कथा पनि सुनाए । उनले भने,'नेपालमा संभावनाहरु प्रशस्त छन । सोच र शक्ति प्राथमिकतामा राख्नुपर्छ । तपाइँहरुले देखिरहनु भएको छ, कोभिडपछि विदेशी पर्यटक नआउँदा आन्तरिक पर्यटन गतिविधि जुन रुपले बढीरहेको छ, त्यसले हामीलाई सिक्ने मौका दिएको छ । विदेशीलाई मात्र पर्यटक मान्ने मानसिकताको अन्त्य भएको छ ।' उनले सहकारीसँग जोडिएका ७३ लाख जनसंख्यालाई सामूहिक रुपमा जोडेर लान सकियो भने समृद्धि हासिल गर्न सकिने बताए । उनले भने,'७३ लाख जनसंख्यालाई सातै प्रदेशमा परिचालन गर्न सकियो भने पूर्वाधार निर्माण देखि विकासका सबैखाले काममा अघि बढाउन सकिन्छ । समृद्धिलाई बढावा दिन सकिन्छ ।' त्यस्तै युवा तथा साना व्यवसायी स्वरोजगार कोषका कार्यकारी उपाध्यक्ष डा.देवराज रोकाले मुलुकको अर्थतन्त्र सक्षम र उत्पादनमुखी बनाउन सहकारी संस्थाहरुको भूमिका महत्वपूर्ण हुने बताए । आफ्नो प्रश्तुती दिंदै डा.रोकाले राजश्व र रेमिट्यान्सलाई मात्र अर्थतन्त्रको आधार मान्दा उल्लेख्य प्रगति हुन नसकेकाले अब सहकारीहरु उत्पादनशील बनेर सुधारमुखी अर्थतन्त्रमा केन्द्रीत हुनुपर्ने औंल्याए । 'सहकारी संस्थाहरु गाउँ शहरमा क्रियाशील छन् । सुत्केरी र क्रियापुत्री उतार्नेदेखि विहेबटुलु सफल बनाउन क्रियाशील छन् । सहकारीहरुमा एकता देखिन्छ । तर अब सहकारीहरु उत्पादनमुलक क्षेत्रमा लगाएर उद्यमशील बन्नुपर्छ,'उनले भने,'देशका ३२ हजार सहकारी संस्थाहरुलाई राज्यका महत्वपूर्ण माध्यम हुन । ती सहकारीहरुलाई समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा केन्दीत गराउन सही परामर्श, विषयगत अवसर र नीतिगत रुपमा सहज बनाइनुपर्छ ।' देशमा जस्तोसुकै योजना वा बजेट निर्माण भए पनि ति परम्परागत रहेकाले अबका दिनमा सहकारीलाई राज्यले सहजीकरण गर्दै विषयगत क्षेत्रमा लगानी जरुरी रहेको उनको भनाइ थियो ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक



# आर्थिक सहयोगमा बिमस्टेक

**विश्वनाथ खरेल**

विश्वको सन्दर्भ नियालिएर हेर्ने हो भने दक्षिण एसियालाई दक्षिण-पूर्व एसियासित जोड्ने सन्दर्भमा बिमस्टेकको आफ्नै किसिमको महत्व बोकेको देखिन्छ। संसारको कुल जनसंख्यामा डेढ अर्ब अर्थात् २१ प्रतिशत जति आवादी यसै क्षेत्रले ओगटेको एकातिर छ भने अर्कोतिर यो क्षेत्रको समग्र जीडीपी २ दशमलव ५ ट्रिलियन अमेरिकी डलर रहेको छ। यसको जनशक्ति मात्रै होइन, प्राकृतिक, भौगोलिक, वैज्ञानिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक सम्भाव्यताका हिसाबले पनि क्षेत्र विपुल छ। फलतः बंगालको खाडी नजिकका सातै मुलुक विविध अर्थमा उम्दा छन्। यसमा पनि भन्ने हो भने भूपरिवेष्टितका हिसाबले नेपाल र भुटान सामुद्रिक पहुँचबाट निकै टाढा रहे पनि यी देशसँग आफ्नैखाले सम्पदा र सम्भावना छन्। यी सम्भावनाका दृष्टिले मात्रै होइन, चुनौतीका पक्षमा पनि यी सातै देश संवेदनशील छन्। यसका साथसाथै आर्थिक विकास गरी समृद्धि हासिल गर्न मात्र होइन, प्राकृतिक विपद्सँग जुध्न पनि हातेमालो जरुरी छ। यसलाई पनि विगतकै पारामा हुने हो भने चाहिँ बिमस्टेकको वर्णन गर्नु कुनै तुक नआउने देखिन्छ। विगतलाई हेर्ने हो भने पनि साढे दुई दशक नाघिसक्दा पनि यसले भरोसालाग्दो छेकछन्द नदेखाएकै हो। यो पनि सार्क जस्तै बिमस्टेक पनि केवल बौद्धिक विलास वा सपनाको महल बनाउने काममा मात्र सीमित रहेको आमधारणा छ। यसर्थ, बिमस्टेकको बडापत्र, विकास कोष, विद्युत् व्यापारका लागि इन्टर ग्रिड कनेक्सन, यातायात सञ्जालको गुरुयोजना जस्ता उम्दा पक्ष आएका छन्। यसमा पनि प्राथमिकता क्षेत्रलाई समीक्षा गरी सडक, रेल र हवाई सञ्जालको विस्तार, जलमार्गको पहुँच, गरिबी निवारण, अन्तर क्षेत्रीय व्यापार एवं लगानी, जलवायु परिवर्तन, कृषिमा आधुनिकीकरण, आतंकवाद, स्वास्थ्य, अपराध नियन्त्रणलगायतका प्राथमिकता आशाजनक छन्। यो बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगाल खाडीको प्रयास यो संगठनमा डेढ अर्बभन्दा बढी जनसंख्या ओगट्ने यो संगठन सन् १९९७ मा स्थापना भएको थियो। यसमा नेपाल, बंगलादेश, भुटान, भारत, म्यानमार, श्रीलंका र थाइल्यान्ड सदस्य राष्ट्रहरू रहेका छन्। यस संगठनको पहिलो सम्मेलन थाइल्यान्डमा ३१ जुलाई २००४ मा भएको थियो।

त्यसरी, नै दोस्रो सम्मेलन सन् २००८ मा भारतमा भएको थियो। त्यस्तै, सन् २०१४ मा म्यानमारमा तेस्रो सम्मेलन भएको थियो भने चौथो सम्मेलन भने काठमाडौंमा ३०(३१ अगस्ट २०१८ मा भएको थियो। तर, ४ वर्ष बितिसक्दा पनि अर्थात् २०७८ मा पनि पाँचौं सम्मेलन हुन सकि रहेको थिएन। अतः बिमस्टेक स्थापना भएको साढे दुई दशक बढी भए पनि यसको पाँचौं सम्मेलन श्रीलंकामा हुँदै छ। यसरी नेपाल भने ५ वर्षअघिदेखि बिमस्टेकको अध्यक्ष रहिआएको छ। यस संगठनको वर्णानुक्रमका हिसाबले बिमस्टेकको अध्यक्षता गरिन्छ। दक्षिण एसियाली मुलुकमा निकै आशा र भरोसा राखिएको सार्क पछिल्लो समय निष्क्रिय प्रायः छ। मूलतः सार्कले १९औं शिखर सम्मेलन गर्न सकेको छैन। सन् २०१६ मा इस्लामावादमा हुनुपर्ने शिखर सम्मेलन भारत(पाक विवादका कारण रोकिन पुगेको थियो।

अतः क्षेत्रीय संगठनको प्रभावकारिताका दृष्टिले आसियान र युरोपेलीसँग उदाहरणीय छन्। यसरी आपसी आर्थिक विकास, समृद्धि, शान्ति तथा स्थिरताका दिशाका अग्रसर आसियान दक्षिण पूर्वएसियाली देशको संगठन हो। यो आठ अगस्त १९६७ मा थाइल्यान्डको राजधानी बैंककमा स्थापित आसियानका संस्थापक सदस्यमा थाइल्यान्ड, इन्डोनेसिया, मलेसिया, फिलिपिन्स तथा सिंगापुर थिए। यसमा ब्रुनाई, कम्बोडिया, भियतनाम, लाओस तथा म्यानमार पनि यसका सदस्य बन्नपुगे। उता युरोपमा भएका २८ देश सम्मिलित युरोपेली संघ सम्बद्ध देशको आर्थिक, राजनीतिक सहयोग मञ्चका रूपमा क्रियाशील छ। यसबाट बेलायत अलग भए पनि संगठनको आवश्यकता, औचित्य र प्रभावकारिता कम छैन। यसमा विश्वको २० प्रतिशत जनसंख्या ओगटेको यस क्षेत्रको संयुक्त जीडीपी तीन ट्रिलियन अमेरिकी डलरबराबरको छ। यसको साथसाथै बिमस्टेको बैठकमा अहिले जे विषयमा छलफल भइरहेको छ र जुन रूपको अवधारणा आएको छ यो यसै आएको होइन।

विशेषगरी यसले क्षेत्रीय व्यापारको सम्बन्धलाई बढाउँदै लाने र विश्वव्यापारमा आफ्नो क्षेत्रको दह्रो प्रतिनिधित्व गराउने उद्देश्यले आएको हो। यसले विश्वको कुल जनसंख्यामध्ये झन्डै २ अर्ब जनसंख्या यो क्षेत्रमा रहेको छ। तर, स्वास्थ्य, शिक्षा, गरिबी भोकमरीलगायतका समस्याले पीडित छ। यी समस्यबाट मुक्ति पाउनका लागि बिमस्टेक सदस्य राष्ट्रहरू भोकमरीबाट कसरी माथि आउने, खाद्य असुरक्षालगायतका विषयको अन्त्यका लागि क्षेत्रीय व्यापारलाई बलियो बनाउँदै कसरी विश्वव्यापारमा आफ्नो प्रतिनिधित्व जनाउने भन्ने नै हो। तर, प्राविधिक पक्षमा भएको ढिलाइले गर्दा यसको कार्यान्वयनमा विभिन्न आशंका पनि गरिँदै आएको छ। सबैभन्दा महत्वपूर्ण कुरा छलफलका विषयको महत्वका आधारमा सहमतिसँगै नीतिगत निर्णय हुनुपर्ने हो। बिमस्टेक २५ वर्षमा केही दिन अगाडी पाँचौं शिखर सम्मेलन श्रीलंकामा भएको थियो। तर, फेरिँदो अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय परिवेशले बिमस्टेकको महत्व बढाएकामा पनि शंका छैन। सार्कलाई बिमस्टेकसँग जोड्ने पहिलेको सोचाइ झन् फराकिलो बनेको छ। बिमस्टेकलाई आसियान र ब्रिक्ससँग जोड्ने कुरो आफैंमा उत्साहजनक छ। ब्रिक्स संगठनमा आबद्ध ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकासँगको साझेदारी र सहभागिता अर्थपूर्ण साबित हुनसक्छ। बिमस्टेकमा सीमा जोडिएका अन्य देशलाई पनि समावेश गर्ने कि भन्ने कुरो पनि उठेको छ। खासगरी चीनको सन्दर्भले विशेष चर्चा पाएको छ। सार्कमा चीन पर्यवेक्षक बनेदेखि सार्क झन् निष्क्रिय बन्दै गएको उदाहरण दिने त्यसको सम्भावना देख्दैनन् तर समयले धेरै फड्को मारिसकेको छ।

चीन-भारतबीच सम्बन्ध सुमधुर बन्दो छ। यसरी पाकिस्तानकै सम्बन्धमा पनि वातावरण फेरिएको छ। त्यसपछि सार्कको विकल्पका रूपमा बिमस्टेकलाई अघि बढाइएको धारणाप्रति नेपाल सहमत नरहेको बारम्बार व्यक्त हुँदै आएको छ। बिमस्टेकको जस्तै सार्कको पनि ठूलो महत्व रहेको निर्विवाद सत्य छ। भारतको लुक इस्ट नीति र थाइल्यान्डको लुक वेस्ट नीतिले हुर्किएको मानिने बिमस्टेकलाई नेपालले कुन नीति लिएर अघि बढ्ने हो ? यसैमा हाम्रो उपलब्धिनिहीत हुनेछ। अपितु, बंगालको खाडीसम्बद्ध तटवर्ती तथा नजिकका देशको आर्थिक संगठन बिमस्टेकबाट प्रत्येक सदस्य राष्ट्रले आ(आफ्नो हित खोज्नु अस्वाभाविक होइन, यतातिर नेपालको कूटनीतिक साफल्य के कस्तो रहने हो ? यसैमा सक्षमता र उपलब्धि परिदर्शित हुनेछ।

समग्रमा भन्नुपर्दा बिमस्टेक सम्मेलन भन्नाले बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडी 'चयगलमका देशको प्रयासलाई जनाउँदछ। यसरी बिमस्टेकको चौथो शिखर सम्मेलन १४ र १५ भदौ २०७५ सालमा काठमाडौंमा भएको थियो। फलतः सम्मेलनको दोस्रो दिन १८ बुँदे काठमाडौं घोषणापत्र जारी भएको थियो भने नेपालले पाँचौं सम्मेलनका लागि श्रीलंकालाई अध्यक्षता हस्तान्तरण गरेको थियो। हाम्रो देशको प्रतिनिधिमण्डलमा भने प्रधानमन्त्री शेरबहादुर देउवाले यही चैत १६ मा श्रीलंकामा भएको पाँचौं बिमस्टेक शिखर सम्मेलनमा भर्चुल माध्यमबाट सहभागिता जनाएका थिए।

अपितु सार्कजस्तै बिमस्टेकमा सात मुलुकका सात निर्देशकसहित बलियो सचिवालय, स्थायी कार्यसमिति निर्माणमा शीर्ष नेताले प्रतिबद्धता जनाएका थिए। यो क्षेत्रमा सन् २०३० सम्म गरिबी निवारण गर्नेगरी पहलकदमी लिने समझदारीसमेत भएको थियो। हाम्रो देशलगायत सदस्य राष्ट्रको जल्दोबल्दो विषय भनेको जलवायु परिवर्तनको प्रभाव घटाउनेतर्फ केन्द्रित हुनुपर्ने एकातिर छ भने अर्कोतिर सदस्य देशको चौतर्फी विकासमा सघाउन बिमस्टेक विकास कोष स्थापना, साढे दुई दशक पार गरेको संगठनको बडापत्र निर्माण, समग्र बिमस्टेक क्षेत्रलाई शान्ति, समृद्धि र दिगोपनातर्फ उन्मुख गराउने तथा गरीबी हटाउने विषय नै सम्मेलनका प्रमुख कार्यसूची हुने बताइएको छ।

राजधानी दैनिक

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडी 'चयगलमका देशको प्रयासलाई जनाउँदछ। यसरी बिमस्टेकको चौथो शिखर सम्मेलन १४ र १५ भदौ २०७५ सालमा काठमाडौंमा भएको थियो। फलतः सम्मेलनको दोस्रो दिन १८ बुँदे काठमाडौं घोषणापत्र जारी भएको थियो भने नेपालले पाँचौं सम्मेलनका लागि श्रीलंकालाई अध्यक्षता हस्तान्तरण गरेको थियो। हाम्रो देशको प्रतिनिधिमण्डलमा भने प्रधानमन्त्री शेरबहादुर देउवाले यही चैत १६ मा श्रीलंकामा भएको पाँचौं बिमस्टेक शिखर सम्मेलनमा भर्चुल माध्यमबाट सहभागिता जनाएका थिए।

अपितु सार्कजस्तै बिमस्टेकमा सात मुलुकका सात निर्देशकसहित बलियो सचिवालय, स्थायी कार्यसमिति निर्माणमा शीर्ष नेताले प्रतिबद्धता जनाएका थिए। यो क्षेत्रमा सन् २०३० सम्म गरिबी निवारण गर्नेगरी पहलकदमी लिने समझदारीसमेत भएको थियो। हाम्रो देशलगायत सदस्य राष्ट्रको जल्दोबल्दो विषय भनेको जलवायु परिवर्तनको प्रभाव घटाउनेतर्फ केन्द्रित हुनुपर्ने एकातिर छ भने अर्कोतिर सदस्य देशको चौतर्फी विकासमा सघाउन बिमस्टेक विकास कोष स्थापना, साढे दुई दशक पार गरेको संगठनको बडापत्र निर्माण, समग्र बिमस्टेक क्षेत्रलाई शान्ति, समृद्धि र दिगोपनातर्फ उन्मुख गराउने तथा गरीबी हटाउने विषय नै सम्मेलनका प्रमुख कार्यसूची हुने बताइएको छ।

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को अवसरमा देश-बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।



अशोक कुमार श्रेष्ठ
अध्यक्ष

नेपाल हिमालय सीमापार बाणिज्य संघ परिवार

## गण्डकी सरकारले गर्यो १४७ जना बर्खास्त

पोखरा। गण्डकी प्रदेश सरकारले पोखरास्थित संक्रामक तथा सरुवा रोग अस्पतालको व्यवस्थापन समितिका पदाधिकारीलाई बर्खास्त गरेको छ। एमाले सरकारले नियुक्त गरेका ४ पदाधिकारी हटाउन मन्त्रालयले २४ घन्टे स्पष्टीकरण माग गरेको थियो। स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै मन्त्रिपरिषद्को बिहीबारको बैठकले अस्पतालका अध्यक्ष प्राडा कृष्णप्रसाद पौडेलसहित ४ पदाधिकारीलाई बर्खास्त गर्ने निर्णय शुक्रबार सार्वजनिक गरेको हो। उनीहरूलाई हटाउनकै लागि भनेर सरकारले चैत १८ गतेको मन्त्रिपरिषद् बैठकबाट स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो। निर्णयअनुसार अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्राडा पौडेल, स्वास्थ्य विज्ञ डा. ध्रुवबहादुर अधिकारी, स्थानीयको तर्फबाट सदस्य बनेका मेजर रामप्रसाद गुरुङ र सूर्यकुमारी बञ्जरा पदमुक्त भएका हुन्। प्राडा पौडेलको ठाउँमा रविमोहन भण्डारीलाई ३ वर्षका लागि सरकारले नियुक्त गरेको छ। पब्लिक हेल्थमा स्नातकोत्तर भण्डारी पोखरा ३१ स्थित नहरचोकका स्थायी बासिन्दा हुन्। उनले यसअघि लामो समय जनस्वास्थ्यको क्षेत्रमा समेत काम गरिसकेका छन्। शनिबारदेखि निर्वाचन आचारसंहिता लागु हुने भएपछि त्यस अगावै मन्त्रिपरिषद् बैठकले भागबण्डा आधारमा अस्पतालमा पदाधिकारी नियुक्त गरेको हो। गण्डकी प्रदेशमा ५ दलीय गठबन्धनको सरकार छ। स्रोतका अनुसार नियुक्त अरु पदाधिकारीहरु को-को हुन् भन्ने सार्वजनिक नभए पनि एकीकृत समाजवादी र नेपाली कांग्रेसको भागमा परेको र उनीहरुलाई चुनावपछि नियुक्त गर्ने सरकारको तयारी छ।

यसैबीच, स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा पनि राजनीतिक चलखेल भएको र यस्तो प्रवृत्तिको विरोधमा आफूहरु अदालत जाने निवर्तमान अध्यक्ष प्राडा पौडेल बताउँछन्। पौडेलले समाजमा नराम्रो विकृति हुन नहुने बताउँदै यदि भएमा सचेत नागरिकले त्यस्ता विकृतिविरुद्ध आवाज उठाउनुपर्ने पनि बताए। अस्पताललाई प्रदेश सरकार मातहत सञ्चालन गर्न प्रदेश सरकारले २०७७ असोजमा 'संक्रामक तथा सरुवा रोग अस्पताल व्यवस्थापन तथा सञ्चालन समिति गठन आदेश २०७७' ल्याएको थियो। गठनादेशअनुसार समिति पदाधिकारीको कार्यकाल ३ वर्षको हुने र आफूहरुले बाँकी ६ पृष्ठमा

# खेलकुद

## नेपाल पत्रकार महासंघको आयोजनमा फुटसल उद्घाटन

काठमाडौ। नेपाल पत्रकार महासंघको आयोजनामा फुटसल प्रतियोगित २८ गते सोमावारवाट शुरु भएको छ। ललितपुरको च्यसलस्थित नेशनल




स्पोर्टसमा भएको उदघाटन खेलमा सोमवार ८ खेल भएका छन्। १६ टिमले भाग लिएको आठ खेलमा ८ टिम आउट हुदै आठ टिमले दोस्रो चरणको खेल खेल्दै सेमि फाइनलमा प्रवेश गरेका छन्।

नेपाल पत्रकार महासंघ काठमाडौ शाखा पहिलो चरणमा नै बाहिरियो

सञ्चार क्षेत्रका र सञ्चार संस्थाहरुलाई लक्षित गरी आयोजना गरिएको खेलमा नेपाल पत्रकार महासंघ काठमाडौ शाखा पहिलो चरणमा नै बाहिरिएको थियो। निक्कै प्रतिस्पर्धात्मक खेलमा शिलापत्र मिडिया हाउसका खेलाडीहरुले देशकका जिल्लाहरु मध्यकै सवैभन्दा धेरै पत्रकार सदस्य संख्या रहेको नेपाल पत्रकार महासंघ काठमाडौ शाखाले जित्ने सवैले आशा गरेका थिए। तर त्यो धेरै आशा गरिएको टिमवाट नतिजा आउन सकेन। शुरुवातीमा राम्रो नतिजा निकालेको काठमाडौ शाखाले हाफ टाइमपछि प्रतिपक्षिलाई रोक्न नसक्दा ६-४ गोलको अन्तरमा काठमाडौ शाखा पराजित हुन पुगेको थियो।

सेमि फाइनल र फाइनल खेल मंगलवार फाइनल हुने छन्। मंगलवार नै प्रथम, द्धतिय, तितृय हुने टिमलाई नगद सहित पदक सहित सम्मान गर्ने कार्यक्रम रहेको अग्रनाइजर पवन आचार्यले जानकारी दिएका छन्।

## ताजकिस्तानसँग फराकिलो अन्तरले पराजित हुँदै समूह चरणबाटै बाहिरियो नेपाल

काठमाडौं। एएफसी फुटसल एसियन कप छनोटमा नेपाल दोश्रो खेलमा ताजकिस्तानसँग ११-१ ले पराजित भएको छ। ताजकिस्तानसँग पराजित हुँदै नेपाल समूह चरणबाट बाहिरिएको हो। ताजकिस्तानका लागि सर्डोरोभ फेजली, हालीमोभ सबोट,योरोभ इद्रिस र रिजमोभ सामन्दरले २/२ गोल गर्दै नेपाललाई पछि पारेका हुन्। खेलको पाँचौ मिनेटमा योरोभ इद्रिसले ताजकिस्तानका लागि पहिलो गोल गरेका हुन्। त्यस्तै कुजिभ उमिदले २१ औं मिनेटमा दोस्रो गोल गरेका हुन्। खेलको ३१ औं मिनेटमा सर्डोरोभ फेजलीले तेस्रो गोल गरेका हुन्। खेलको ३२ औ मिनेटमा नेपालले आत्मघाती गोल खायो। सर्डोरोभ फेजलीले हानेको बल रोक्न खोज्दा सरोज तामाङले आफ्नै पोष्टमा प्रहार गरेका हुन्।

पाँचौ गोल पनि सर्डोरोभ फेजलीले ३३ औं मिनेटमा गोल गरेका हुन्। छैटौं र सातौं गोलका लागि हलिमोभ सबोटले ३३ औं मिनेटमा २ गोल गर्दै उत्कृष्ट लय दिलाएका हुन्। कुजिभ उमिदले खेलको ३४ औं मिनेटमा ताजकिस्तानका लागि आठौं गोल गरे। खेलको ३६ औं मिनेटमा रिजमोभ सामन्दरले ताजकिस्तानका लागि नवौं गोल गरेका हुन्। त्यसको एक मिनेट पश्चात नै अर्को गोल गर्दै उनले ताजकिस्तानलाई लगातार खुसी दिलाएका हुन्। त्यस्तै खेलको अन्तिम मिनेटमा यारोभ इद्रिसले खेलको व्याक्तिगत दोस्रो र ताजकिस्तानका लागि ११ औं गोल गर्दै फराकिलो जित दिलाएका हुन्। पहिलो हाफमा १-१ बराबरीमा रोकिएको खेल ताजकिस्तानले दोस्रो हाफ पूरै कब्जामा लिदैं फराकिलो जित हात पारेको हो। नेपालका लागि खेलको तेस्रो मिनेटमा अदिल हमिदले गोल गर्दै अग्रता दिलाएका हुन्। खेलको राम्रो सरुवात गरेको नेपालले दोस्रो हाफमा भने कुनै गोल गर्न सकेन। खेलको २२ औं मिनेटमा क्रुल खड्काले हानेको बल बारमा लागेर फर्किएको हो। सोही बललाई मणी कुमार लामाले प्रहार गर्दा ताजकिस्तानका गोलरक्षक अलि कुलोभले रोके। पहिलो खेलमा नेपालले आइतबार उज्वेकिस्तानसँग ५-१ को हार बेहोरेको थियो।

## अमेरिका जानुअघि क्यानडामा प्रशिक्षण गर्ने नेपालको तयारी

काठमाडौं। आईसीसी विश्वकप लिग टू अन्तर्गत अमेरिकामा हुने नेपाल अमेरिका र ओमानबीच त्रिकोणात्मक शृंखला अघि नेपाल क्रिकेट टिमले क्यानडामा प्रशिक्षण गर्ने गरी नेपाल क्रिकेट संघ (क्यान)ले तयारी सुरु गरेको छ। क्यानका क्रिकेट म्यानेजर विनोद दासले क्यानडा क्रिकेट बोर्डका पदाधिकारीसँग एक चरणको छलफल हुँदा उनीहरू पनि सकारात्मक रहेको जानकारी दिए। नेपाली टोली अहिले अमेरिकाको भिसा प्रक्रियामा रहेको हुनाले क्यानडा भ्रमणका लागि कुनै तयारी नभएको पनि उनले जानकारी दिए।

'हामीले क्यानडा बोर्डसँग कुरा गर्दा सकारात्मक जवाफ पाएका छौं। तर, त्यहाँ जानका लागि धेरै तयारी गर्नुपर्छ। जुन सुरु भएको छैन,' दासले अनलाइनखबरसँग भने। नेपालले क्यानडासँग टी-२० र एकदिवशीय अभ्यास खेल खेल्ने सम्भावना छ।

आगामी वर्ष जेठ २४ देखि ३१ गतेसम्म अमेरिकामा त्रिकोणात्मक शृंखला हुँदैछ। विश्वकप लिग टूमा नेपालले अहिलेसम्म १२ खेल खेलेकोमा ६ जित र ६ हारको नतिजा निकालेको छ। सात टोली सम्मिलित लिगमा नेपाल छैटौं स्थानमा छ। नेपालले यसै महिनाको सुरुमा युएई र पपुवा न्यूगिनी सम्मिलित त्रिकोणात्मक शृंखला खेलेको थियो। त्यस खेलमा नेपालले २ जित र २ हारको नतिजा निकालेको थियो।

## जडीबुटी....

र प्रगतिको आधारमा सन्तोषजनक भएको भनेर एकमतले सबै प्रतिवेदनहरु पास गरेका थिए ।

उक्त प्रतिवेदन पास गरिसकेपछि भएको निर्वाचनमा पुन: बिष्णु भण्डारीकै नेतृत्वमा नयाँ कार्यसमितिले पुर्णता पाएको छ ।

सातौ अधिवेशनवाट निर्वाचित पदाधिकारीहरुको नामवली यस प्रकार रहेको छ ।

१ अध्यक्ष: बिष्णु भण्डारी
२ वरिष्ठ उपाध्यक्ष: मंजिव शाक्य
३ प्रथम: उपाध्यक्षमा कृष्ण कडेल
४ उपाध्यक्ष: महेश बञ्जरा
५ सचीव: सुनिलमान तुलाधर
६ सहसचीव: मनोरथ गौतम
७ कोषाध्यक्ष: बिक्रमराज कुवँर
८ वष्ठि सदस्य: जगदिशचन्द्र घिमिरे
९ महिला सदस्य: विनिता श्रेष्ठ
१० सदस्यहरु: रितु थापा
११ डा. डम्वर सुनुवार
१२ सुदिप गौतम
१३ सुरेश सापकोटा
१४ कृष्ण प्रसाद बञ्जरा
१५ कमल कोइराला
१६ सदिस शाह
१७ प्रवक्ता: दीपक पाण्डे
१८ सल्लाकार: देवेन्द्र प्रसाद ढकाल

## प्रगति......

१०. शालिकराम तिमल्सेना
११. डा.कृष्ण सुवेदी
१२. राजेन्द्र संग्रौला
१३. डा. दीपक गौतम
१४. मसान उपासक
१५. जीतेन्द्र रसिक
१६. सरस्वती दुमिराई
१७. काशीराम गैरे
१८. पार्वतीकुमारी राउत
१९. विजुला रायमाझी
२०. डा. कौशिला रिसाल
२१. शेखर अर्याल
२२. लोक लामा
२३. दिनेश दुलाल
२४. कल्पना पौडेल
२५. जीवन स्पर्सी
२६. रामप्रसाद जैशी
२७. तिलकबहादुर सिंह केन्द्रीय सदस्यहरु रहेका छन् ।

त्यसैगरी राष्ट्रिय परिषद् सदस्यहरूमा

१. छन्दविज्ञान निरौला
२. दुर्गा परियार
३. केशु कार्की (केशकुमारी खत्री)
४. गोविन्द अर्याल शृङ्खला
५. दीपसागर पन्त
६. यदुनाथ वसन्तपुरे
७. ध्रुव रायमाझी
८. भक्त विश्वकर्मा
९. ऋतु के.सी.
१०. भिष्म जोशी
११. समष्टि बुढामगर
१२. प्रदीप प्रधान
१३. मेस्मा पुन
१४. अरुण थिङ
१५. सर्जनसिंह ठकुरी
१६. मोहन कार्की
१७. दुर्गा राना
१८. सरस्वती अधिकारी
१९. देवु लुइँटेल
२०. मायामितु न्यौपाने
२१. हिमालय पौडेल
२२. जगदीश ओझा
२३. गङ्गाप्रसाद रिजाल
२४. डमरुबल्लभ भण्डारी
२५. मीना बराल
२६. कुयाङ लामा
२७. डा. शेखरकुमार श्रेष्ठ
२८. वसन्त विवश आचार्य
२९. प्रकाश किरण
३०. रमेश कँडेल
३१. अगिव बनेपाली
३२. लीला पण्डित क्षेत्री
३३. ईश्वरीप्रसाद रिजाल
३४. सुधा मैनाली
३५. सुशीला शर्मा
३६. शारदादेवी लामिछाने
३७. डा.पूर्ण भण्डारी पङ्कज
३८. कोपिला शर्मा
३९. राजिन पनेरु
४०. शशिकिरण रेग्मी
४१. प्रेम घिमिरे
४२. हरिलाल महतरा

माथि उल्लेखित पदाधिकारीहरुलाई उक्त दिन नै पद तथा गोपनियताको सपथ निर्वाचन परिचालन कमिटीले गराएको थियो । निर्वाचन कमिटीका हरि प्रसाद भण्डारीले नयाँ कार्यसमितिलाई संयुक्त रुपमा समथ गराएका थिए । त्यसैगरी निवर्तमान अध्यक्षले प्रा.डा. जिवेन्द्र गिरीले नयाँ कार्यसमितिलाई वधाई तथा शुभाकामना दिएका थिए । र उनले आउदो कार्यसमितिलाई अझै धेरै उर्जावान देखेर आजको दिन जतिको खशी जीवनमा कहिल्यै नभएको भनेर अभिब्याति दिएका थिए । देशभरीवाट झण्डै ५ सयको संख्यामा आएका प्रतिनिधिहरुले गीत, कविता, गजल, गाएर वीच वीचमा कार्यक्रमलाई निक्कै गरिमामय बनाएका थिए ।

## स्थानीय तहको.....

अनुसार काम गर्न सक्ने र पाँच वर्षको योजना निर्माण गरी काम गर्ने व्यक्ति चाहिएको छ । जसको भिजन होस्, अन्य पालिकासँग सहकार्य गरोस् । करको दर होइन, दायरा बढाओस् । रोजगारीको योजना ल्याओस् । गरिबी घटाओस् । जनतालाई अनावश्यक आश्वासन नदेओस् । त्यागी र स्वच्छ छविको व्यक्ति होस् । ऊसँग कम्तिमा सामान्य प्राविधिक ज्ञान होस् । भ्रष्टाचार र बेरुजू विरुद्ध काम गर्न सकोस् । उत्तरदायित्व र जवाफदेहिता बहन गरोस् । व्यक्तिगत र दलगत स्वार्थ नराखोस् । निर्वाचनमा लगानी गरेर चुनावमा उठेपछि असुली गर्ने नहोस् । जनताको कुरा सुन्ने र कर्मचारीसँग मिलेर काम गर्ने व्यक्ति होस् । यी गुण भएका व्यक्ति उम्मेदवार हुनुपर्छ । आम मतदाता पनि यी कुरामा सजग हुनुको आजको आवश्यक्ता हो । अनलाइनखबर

## गण्डकी....

पूरा कार्यकाल सेवा गर्न पाउनुपर्नेमा पौडेलले जोड दिए । गठन आदेश बनेको ७ महिनापछि अस्पताल व्यवस्थापन समिति गठन भएको थियो ।

## भरतपुर....

चितवन जिल्लाको परिपत्र अनुसार भरतपुर महानगरपालिकाको महानगर प्रमुख र उपप्रमुख बन्नेहरुको नाम दर्ता गरिएको हो ।

## महँगी......

कर्मचारीहरुको आम्दानी भने बढेको छैन ।

नेपालमा महगीको कारणले तानव सृर्जना उत्पन्न गराउन थालेको छ । यस्त मुल्यबृद्धिले निकट भविष्यमा पार्ने असरलाई सम्बन्धित निकायले समयमा नै ध्यान दिएर समस्याको निराकरण गर्नुपर्छ । त्यसो गर्न सकियन भने भोलिका दिनमा निक्कै अफठ्यारा समस्या आइलाग्न सक्छन् । त्यसकारण सम्बन्धित निकायको समयमा नै ध्यान देओस् ।

## कथा....

साँझ आफूलाई बोलाउँदा ऊ पक्कै लुकेको हुनुपर्छ । ऊ पक्कै मलाइ लिन नै आएको होला तर मलाइ लैजान नसकेपछि बस्तीमा आगो लगाएको हुनुपर्छ । आफ्नो प्रेमलाई अर्काकी हुनबाट जोगाउन उसले त्यो रात बस्तीमा आगो लगाएको हुनुपर्छ, छायाले यही अड्कल काटिन् । अनि मनमनै उसलाई धन्यवाद पनि दिइन् । तर, उनी अब झनै व्याकुल हुन थालिन् । उनलाई लाग्यो, 'ऊ मेरो अगाडि आउँदैन । किन सामुन्ने आएर प्रेमको प्रस्ताव राख्दैन ? किन लुकीलुकी हेर्छ ?' यही सोचिरहेकै बेला फेरि कसैले नियालेझैं लाग्यो । छाया घरको वरिपरि उसलाई खोज्न थालिन् ।

लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ । लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनत: दण्डनीय छ ।

# सशस्त्र प्रहरी महानिरीक्षक खनालको बिदाइ

काठमाडौं । सेवानिवृत्त हुन लाग्नुभएका सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनाललाई फौजी परम्पराअनुसार सशस्त्र प्रहरी बल नेपालले बिदाइ गरेको छ ।सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हल्चोक स्वयम्भूमा सोमबार आयोजित विशेष समारोहका बीच उहाँलाई सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकद्वय पुष्पराम केसी र रामशरण पौडेलले फूलमालाका साथ मायाको चिनो प्रदान गरी बिदाइ गर्नुभएको हो । सशस्त्र प्रहरी परिवार महिला सङ्घकी अध्यक्ष श्रीमती सरिता कँणेल खनाललाई सो सङ्घकी उपाध्यक्ष ज्योति केसीले फूलमालासहित बिदाइ गर्नुभएको हो । सशस्त्र प्रहरी महानिरीक्षक खनालले सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पुष्पराम केसीलाई सङ्गठनको सम्पूर्ण जिम्मेवारी बर-बुझारथ गर्नुभयो । महानिरीक्षक खनालले साङ्गठनिक विकासमा पुऱ्याएको योगदानको उच्च कदर गर्दै सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकद्वय केसी र पौडेललाई प्रशंसापत्र तथा मायाको चिनो प्रदान गर्नुभयो । महानिरीक्षक खनालले राज्यप्रदत्त जिम्मेवारी निर्वाहको क्रममा आफ्नो प्राणको समेत आहुति दिनुहुने सङ्गठनका संस्थापक सशस्त्र प्रहरी महानिरीक्षक स्व कृष्णमोहन श्रेष्ठलगायत सम्पूर्ण अमर सशस्त्र प्रहरीको योगदानको स्मरण गर्दै कर्तव्य पालनाका सिलसिलामा घाइते भई अङ्गभङ्ग भएका राष्ट्रसेवकहरूको समेत शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो । उहाँले सङ्गठन आजको यस स्थानमा आइपुग्नुमा सङ्गठनका पूर्वज नेतृत्व, अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीले पुऱ्याएको योगदानको स्मरण गर्नुभयो । महानिरीक्षक खनालले सशस्त्र प्रहरी कर्मचारी उत्तरी सिमानाको हिमाली क्षेत्रको कठ्याङ्ग्रिने जाडोदेखि दक्षिणी तराईको हावाहुरी तथा प्रचण्ड गर्मी रहेका ठाउँमा व्यक्तिगत स्वार्थलाई थाती राखी अहोरात्र खटिई आम नागरिकको सुरक्षामा खटिएको जानकारी दिनुभयो । उहाँले सीमा अपराध नियन्त्रण, आपत्विपत् पीडित नागरिकको उद्धार तथा चोरी निकासी तथा पैठारी नियन्त्रणमा खटिई प्रदर्शन गरेको उच्च व्यावसायिकता र उत्कृष्ट कार्यसम्पादन तथा कोभिड-१९ महामारी नियन्त्रण तथा सङ्क्रमितको उपचारमा नेपाल एपिएफ अस्पतालमार्फत प्रदर्शन गरेको सेवा था समर्पणभावको समेत सरकार तथा विभिन्न निकायबाट प्रशंसा भइरहेको उल्लेख गर्नुभयो । समारोहमा सम्बोधनका क्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक केसीले सशस्त्र प्रहरी महानिरीक्षक खनालले आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गर्नुभएकामा बधाई दिँदै अवकाशपछिको जीवन सुखमय बितोस् भन्ने शुभेच्छा प्रकट गर्नुभयो ।

# नेपाल हिन्दु राष्ट्र नै हुनुपर्छः पराजुली

जनकपुरधाम । सोमबार जनकपुरमा हिन्दू राष्ट्र स्वाभिमान जागरण अभियान द्वारा आयोजित 'प्रबुद्ध नागरिक गोष्ठी एवम् साहित्य परिचय कार्यक्रम' मा सहभागीहरूले नेपाल हिन्दु राष्ट्र नै रहेको बताएका छन् । जानकीमन्दिर को प्राङ्गण मा सम्पन्न कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि तथा पूर्व प्रधानन्यायाधीश गोपाल पराजुली ले हिमालय देखि समुद्र पर्यन्त र इन्डोनेसिया को बाली देखि पर्सिया सम्म फैलिएको विशाल हिन्दू राष्ट्र खुम्चिँदै गएर लगभग समाप्त भैसकेको दुखद अवस्था प्रति चिन्ता व्यक्त गर्दै सत्ता परिवर्तन को आन्दोलनमा षड्यन्त्र पुर्वक लादिएको धर्मनिरपेक्षता स्वीकार्य नहुने बताउनु भएको छ । उहाले नेपाललाई हिन्दु राष्ट्र नै बनउनुपर्नेमा जोड दिनु भएको छ । माल्दिभ्समा बुद्धिस्ट धर्म नष्ट भैसकेको उदाहरण प्रस्तुत गर्दै उहाँले माता जानकीको आशीर्वाद ले अभियान सफलहुने दृढ विश्वास व्यक्त गर्दै सबलाई आआफ्नो स्थानबाट लाग्न आह्वान समेत गर्नु भएको थियो ।

अभियानका केन्द्रीय सदस्य तथा नेपाल प्रहरीको पूर्व अतिरिक्त महानिरीक्षक कल्याण तिम्सिना ले राष्ट्र भनेकै व्यक्तिहरू भएकोले बहुसंख्यक व्यक्तिले मान्ने धर्म नै राष्ट्रको धर्म हो। इतिहास, संस्कृति, परम्परा र जनसंख्याको आधारमा देश हिन्दू राष्ट्र नै रहेको दाबी गर्दै उनले शासन व्यवस्था जुन सुकै भए पनि हिन्दू राष्ट्र कायम हुनुपर्ने माग गर्नु भयो ।

त्यसैगरी समाजसेवी ज्योत्सना साउद ले गार्गी, याज्ञवल्क्य, अष्टावक्र र राजर्षि जनकको भूमिमा बोल्ने अवसर पाएको मा धन्यवाद दिदै लोक कल्याणकारी राज्यनै रामराज्य भएको चर्चा गर्नु भयो। अभियानलाई सार्थकता प्राप्त हुने र नेपालले हिन्दू राष्ट्र को गौरव प्राप्त गर्ने दृढ विश्वास पनि उहाँले व्यक्त गर्नु भएको थियो । कार्यक्रम संयोजक मारवाडी सेवा समिति, जनकपुर का अध्यक्ष तथा उद्योगी व्यवसायी निर्मल चौधरी ले विस्वासयोग्य पात्र पाएको कारण अभियान सफलहुने बताएका थिए ।

# बेरुजु फर्छ्यौट प्रगतिमा नेपाल प्रहरी सर्वोत्कृष्ट

काठमाडौं, गृह मन्त्रालय र अन्तर्गतका निकायहरुमध्ये बेरुजु फर्छ्यौट मापनको वर्गीकरणमा आ.व. २०७६/०७७ सम्मको कूल बेरुजुमध्ये ८९.३५ प्रतिशत फर्छ्यौट गराई बेरुजु फर्छ्यौट प्रगतिमा नेपाल प्रहरी सर्वोत्कृष्ट स्थान हासिल गर्न सफल भएको छ ।

गृह मन्त्रालयमा सोमबार आयोजित कार्यक्रममा गृहमन्त्री बालकृष्ण खाणले प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीलाई नेपाल प्रहरीले बेरुजु फर्छ्यौटमा सर्वोत्कृष्ट स्थान हासिल गरेकोले नगद १० हजार रुपैयाँ पुरस्कार सहित प्रंशासापत्र प्रदान गर्नुभयो ।

प्रहरी प्रधान कार्यालय र अन्तर्गतका कार्यालयहरुको आ.व. २०७६/०७७ सम्मको कूल बेरुजु रकममध्ये ८९.३५ प्रतिशत फर्छ्यौट गरी बेरुजु फछर्यौट मुल्याङ्कन तथा अनुगमन समितिको सिफारिस बमोजिम नेपाल सरकार ( माननीय मन्त्रीस्तर) को निर्णय अनुसार बेरुजु फर्छ्यौटको प्रगतिमा नेपाल प्रहरी सर्वोत्कृष्ट स्थान हासिल गर्न सफल भएको हो । बेरुजु फर्छ्यौट मापनको वर्गीकरणमा विगत ४ आ.व. देखी निरन्तररुपमा नेपाल प्रहरी सर्वोत्कृष्ट स्थान हासिल गर्न सफल हुँदै आएको छ ।

# विवरण बुझाउन विद्यालयको अटेरी

काठमाडौं । विद्यालयले सरकारलाई प्रत्येक वर्ष अनिवार्य रूपमा बुझाउनुपर्ने विवरण बुझाउने गरेका छैनन् । यसरी अटेर गर्ने विद्यालयलाई नियमन गर्ने निकायले मौखिक स्पष्टीकरणसम्म सोध्ने गरेको छैन । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका प्रवक्ता (सहसचिव) डिल्लीराम लुइँटेलले विवरण अनिवार्य रूपमा बुझाउनुपर्ने भए पनि सबैले नबुझाउने गरेको बताउँदै भन्नुभयो, करिब २० प्रतिशत विद्यालयले विवरण पठाउँदैनन् । नयाँ शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र विद्यालयले एकीकृत सूचना व्यवस्थापन प्रणाली ( आईईएमआईएस)मार्फत विवरण बुझाइसक्नुपर्ने नियम छ । विद्यालयले अनलाइनमार्फत इन्ट्री गरेपछि केन्द्रले पासवर्ड उपलब्ध गराउने गरेको छ । पासवर्ड प्राप्त गरेपछि विद्यालयले विद्यार्थी सङ्ख्या, शिक्षक सङ्ख्या, आम्दानी रकम, खर्च रकम, भौतिक पूर्वाधारलगायतबारे विस्तृत विवरण उपलब्ध गराउनुपर्ने हुन्छ । कुनै विद्यार्थी वा शिक्षकले विद्यालय छाडेमा पनि तत्काल सोको जानकारी अनलाइनमार्फत दिनुपर्ने हुन्छ ।

# अन्तराष्ट्रिय समाचार

## पाकिस्तानमा सहबाज सरिफ बने नयाँ प्रधानमन्त्री

सहबाज सरिफ पाकिस्तानका नयाँ प्रधानमन्त्री बनेका छन् । सोमबार नेसनल एसेम्ब्लीमा पाकिस्तान मुस्लिम लिग (नवाज) का सरिफ निर्विरोध प्रधानमन्त्री नियुक्त भएका हुन् । संसदको सबैभन्दा ठूलो दल इमरान खान नेतृत्वको पार्टी पाकिस्तान पिटिआईका सांसदहरूले निर्वाचन बहिष्कार गरेपछि सरिफ निर्विरोध प्रधानमन्त्री चयन भएका हुन् । सरिफलाई १७४ जना सांसदले समर्थन गरेका थिए । ३४२ सदस्यीय एसेम्ब्लीमा पिटिआईका १५५ जना सांसद छन् । शनिबार राति इमरानविरूद्धको अविश्वास प्रस्ताव पारित भएपछि उनी पदमुक्त भएका थिए ।

## पुटिनका छोरीहरुलाई समेत अमेरिकाले लगायो प्रतिबन्ध

अमेरिकाले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको परिवारका सदस्यहरुसहित थप नयाँ आर्थिक प्रतिबन्ध लगाएको छ । प्रतिबन्धमा पुटिनका दुई छोरीहरु पनि छन् । अन्तर्राष्ट्रिय सन्चार माध्यमहरुका अनुसार ह्वाइट हाउसले रुसका दुई ठूला बैंकहरु स्परबैंक र अल्फा बैंकलाई पनि प्रतिबन्ध लगाएको छ । अब यी बैंकहरुबाट अमेरिकासम्म रकम पुग्ने छैन । साथै कुनै पनि अमेरिकीले यी बैंकहरुबाट कारोबार गर्न सक्ने छैनन् । साथै अमेरिकाले प्रधानमन्त्री मिखाइल मिशुस्तिन, पूर्व राष्ट्रपति दिमित्री मेतभेदेव, रुसी विदेशमन्त्री सर्गेइ लाभरोभकी श्रीमती र बच्चाहरु, रुसी सुरक्षा परिषदका सदस्यहरु र रुसी राष्ट्रपति पुटिनका दुई छोरीहरुलाई पनि अमेरिकाले प्रतिबन्ध लगाएको छ । ह्वाइट हाउसबाट जारी बयानमा राष्ट्रपति पुटिनका 'दुई बालिग सन्तान' भनेर उल्लेख गरिएको छ । यद्यपि नाम भने उल्लेख छैन । तर मिडिया रिपोर्टका अनुसार त्यो भनेको रुसी राष्ट्रपति पुटिनको पूर्वपत्नी ल्युडमिलाबाट जन्मिएका दुई छोरीहरु मानरिया वोरोत्सोभा र क्याटरिना तिखोनोभा हुन् ।

१९८५ मा जन्मिएकी वोरोत्सोभा एक एन्डोक्राइनोलोजिस्ट र एक मेडिकल कम्पनिकी मालिक हुन् । यसैगरी १९८६ मा जन्मिएकी तिखोनोभा शिक्षा र व्यापारमा संलग्न छिन् । उनी प्रतिभाशाली डान्सर पनि हुन् । उनले अन्तर्राष्ट्रिय रक एण्ड रोल प्रतियोगितामा भाग लिने गर्दछिन् । यस प्रतिबन्धपछि पुटिन परिवारका सदस्यहरुको अमेरिकामा रहेका सम्पत्ति जफत हुने छ । साथै अमेरिकाबाट कुनै पनि प्रकारको कारोबार गर्न रोक लाग्ने छ ।

ह्वाइट हाउसका अनुसार अमेरिकी वित्त विभागले रुसका अन्य कम्पनीहरुलाई पनि प्रतिबन्ध लगाउने तयारी गरेको छ । अमेरिकी राष्ट्रपति जो बाइडनले भनेका छन्, 'रुसले युक्रेनको बुचामा गरेको अत्याचारको मूल्य चुकाउनुपर्छ ।

## भारतको जवाहरलाल नेहरू विश्वविद्यालयमा विद्यार्थीहरुबीच झडप

भारतको राजधानी नयाँ दिल्लीमा रहेको जवाहरलाल नेहरू विश्वविद्यालय (जेएनयू) मा विद्यार्थीबीच झडप भएको छ । झडपमा केही घाइते भएका छन् । रामनवमीका दिन मांसहारी खाना बनाएको भन्दै विवाद हुँदा झडप भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । हिन्दुले रामनवमीमा मांसहारी भोजन गर्दैनन् । तर, यस्तो खाना बनेपछि हिजो जेएनयू होस्टेलको मेसमा मासु पकाउने राष्ट्रिय स्वयम्सेवक सङ्घसँग आबद्ध अखिल भारतीय विद्यार्थी परिषद् र बामपन्थी विद्यार्थी सङ्गठनबीच विवाद भएको थियो । दुवै पक्षले नै एक(अर्काले आफ्ना साथीहरूलाई आक्रमण गरेको आरोप लगाएका छन् । भारतको प्रतिष्ठित जवाहरलाल नेहरू विश्वविद्यालयमा बामपन्थी र दक्षिण पन्थी विद्यार्थीबीच बेलाबेलामा झडप हुने गरेको छ ।

## युक्रेनको राजधानी किएभ नजिक अर्को सामूहिक चिहान फेला

युक्रेनले राजधानी किएभ नजिकै अर्को सामूहिक चिहान फेला परेको बताएको छ । रुसी सेना फर्किएपछि खोजी तथा उद्धारका क्रममा बुजोभा गाउँमा गैरसैनिकको सामूहिक चिहान भेटिएको युक्रेनले बताएको बीबीसीले जनाएको छ । किएभ नजिकैको विभिन्न क्षेत्रमा पनि यसअघि पनि सामूहिक चिहान भेटिएको थियो । युक्रेनी राजधानीलाई घेराबन्दी गरेको रुसी फौजले कैयौं दिनसम्म त्यो क्षेत्र कब्जा गरेको थियो । सामूहिक चिहान भेटिएपछि युद्ध अपराधको आरोप लगाउँदै अन्तर्राष्ट्रियस्तरबाट रुसको निन्दा भएको छ । तर रुसले आफूले कुनै गल्ती नगरेको बताउँदै आएको छ । यसैबीच रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका पूर्व प्रमुख आर्थिक सल्लाहकारले पश्चिमा देशहरूले रुसी ऊर्जामाथि वास्तविक प्रतिबन्ध लगाएमा युक्रेनमा चलिरहेको युद्ध रोकिन सक्ने बताउनुभएको छ । सन् २००५ सम्म पुटिनसँग काम गरेका आन्द्रेई इलारीनोभले बीबीसीसँग कुरा गर्दै ऊर्जाको प्रयोग घटाउने अरू देशका चेतावनीलाई रुसले गम्भीरतापूर्वक नलिएको बताउनुभएको हो ।

अघिल्लो वर्ष इन्धन र ग्यासबाट प्राप्त हुने आम्दानीले रुसी सरकारको बजेटको एक तिहाइ भन्दा बढी ओगटेको थियो । युरोपेली सङ्घ एक्लैले रुसलाई ऊर्जाका लागि प्रतिदिन एक अर्ब युरो तिर्ने बीबीसीले जनाएको छ ।

## युक्रेनसँगको युद्धमा आफ्नो सुरक्षा फौजतर्फ ठूलो क्षति भएको रुसको स्वीकार

युक्रेनसँगको युद्धमा आफ्नो सुरक्षा फौजतर्फ ठूलो क्षति भएको रुसले स्वीकार गरेको छ । क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले युद्धका क्रममा रुसी सेनातर्फ भएको क्षति निकै दु:खदायी भएको बताउनुभएको छ। गएको फेब्रुअरी २४ मा रुसले युक्रेनमाथि आक्रमण सुरु गरेको थियो । आज ४५औं दिन पुगिसकेको छ । गएको मार्च २५ मा रुसको रक्षा मन्त्रालयले युद्धमा आफ्ना एक हजार तीन सय ५१ जना सैनिक मारिएको बताएको थियो । तर युक्रेनले झन्डै १९ हजार रुसी सैनिक मारिएको दाबी गर्दै आएको छ। रुस र युक्रेनमा युद्धमा ज्यान गुमाएका सेनाको यकिन तथ्याङ्क भने सार्वजनिक हुन सकेको छैन ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका प्रवक्ता पेस्कोभले बेलायती टेलिभिजन च्यानल स्काइ न्युजसँगको कुराकानीमा युद्धको लक्ष्य प्राप्त हुने दाबी समेत गर्नुभएको छ । संयुक्त राष्ट्र सङ्घको मानव अधिकार परिषदबाट रुसलाई निष्कासन गरेपछि पेस्कोभको यो प्रतिक्रिया आएको हो।

परिषद्ले युक्रेनको मानव अधिकार तथा मानवीय सङ्कटप्रति चासो व्यक्त गरेको छ । युक्रेनको बुचामा भएको घटनामा रुसी सेना जिम्मेवार रहेको आरोपलाई पेस्कोभले अस्वीकार गर्नुभएको छ। साथै उहाँले वार्ताबाट युद्ध अन्त्यका उपायको खोजी भइरहेको समेत बताउनुभएको छ । रुसले युक्रेनको किएभबाट आफ्ना सेना हटाउँदै आक्रमणलाई पूर्वी युक्रेनमा केन्द्रित गरेको छ । पछिल्लो पटक हिजो पूर्वी क्षेत्रको क्रमातोस्कामा रहेको रेल स्टेशनमा रुसले गरेको रकेट आक्रमणमा कम्तीमा ३९ जनाको ज्यान गएको छ ।

# भोजपुरका साहित्यकार दाङमा सम्मानित

दाङ । दाङ साहित्य तथा संस्कृति प्रतिष्ठानको वाइसौ वार्षिक साधारण सभाको अवसरमा विभिन्न साहित्यकारहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो । दाङ जिल्ला भित्रका मात्र नभई विभिन्न जिल्लाका साहित्यकारहरूलाई पुरस्कृत गर्ने कार्य गरिरहेको प्रतिष्ठानको पुरस्कार समितिले यसपटक पोषण/हरिराज रजौरे द्वारा स्थापित भागवत धर्म रजौरे स्मृति पुरस्कार भोजपुरका कवि तथा आख्यानकार दामोदर ढकाल दीपकलाई नगद पुरस्कार सहित कदर पत्र द्वारा सम्मान गरेको छ ।

कवि ढकाल नेपाली साहित्यमा परिचित नाम हो । रत्नपार्क कि रञ्ज, तँ, रक्षा उपन्यास प्रकाशित गरिसकेका ढकालको बाल उपन्यास तुलसी र ज्योतिष समेत चर्चित छ ।

अविसचुना कथा सङ्ग्रह र सानी सानी नानी बाल गीत सङ्ग्रह प्रकाशन गरिसकेका उनका १०० भन्दा बढी संयुक्त कृतिमा रचना प्रकाशित छन् । आधुनिक साहित्य परिषद् र गोंगबु साहित्य समाज मार्फत विशेष कविता वाचनमा आफ्नो काव्यिक प्रस्तुति दिइसकेका ढकालका विभिन्न साहित्यिक लेख रचनाहरू समेत बाक्लै रूपमा जनआकाश साप्ताहिकमा समेत प्रकाशित हुने गरेका छन् । गौरी पव्लिक रिलेसन एन पव्लिकेशनका अध्यक्ष एवम् सुख शान्ति युटुवका सञ्चालक दामोदर ढकाललाई डिल्लीराम श्रीधर संस्थाका अध्यक्ष एवम् कार्यक्रमका सभापति र प्रा. श्रीधर शर्मा मजगैया प्रमुख अतिधिले सम्मानित र पुरस्कृत गर्नु भएको थियो । उक्त कार्यक्रममा बोल्दै कवि ढकालले भोजपुरको मान्छे दाङ्ममा सम्मानित हुन पाएकोमा खुसी व्यक्त गर्दै कविता समेत सुनाएका थिए ।

कार्यक्रममा विभिन्न जिल्लाका सर्जकहरूलाई सम्मान गर्ने कुराले दाङ्गमा साहित्यिक पर्यटन विकास र दाङसँग नेपाललाई जोड्ने पूलको काम गर्ने कुरा आयोजक संस्थाकि सदस्य एवम् वरिष्ट कवयित्री भावना न्यौपाने भवानीले हामीसँग बताउनु भएको थियो । दाङ साहित्य तथा संस्कृति प्रतिष्ठानको उत्तरोत्तर प्रगतिको कामना र पुरस्कृत र सम्मानित सबै साहित्यकारहरू र दामोदर ढकाल दीपकलाई जनआकाश परिवारको तर्फवाट नि हार्दिक बधाई व्यक्त गर्दछौ ।




# कथा : त्यो रात कसले आगो लगायो ?

भूमिका कुमारी बिष्ट

छाया २० वर्षकी मस्त तरुनी थिइन् । यौवनले भरिँदै जाँदा उनको शरीरमा बेग्लै चमक देखिन्थ्यो । शरीर क्रमशः परिवर्तन हुँदै जाँदा मनको चञ्चलता पनि बढ्दै थियो । त्यसैले छाया घण्टौं ऐनामा आफ्नो यौवना नियाल्ने गर्थिन् ।

खेलामा नुहाउन गएकी छायाले भित्री वस्त्र खोल्दै पातलो सेतो चुन्नीले आफ्नो निर्वस्त्र शरीर छोपिन् । नुहाउँदै गर्दा उनले आफ्नो अनुहारदेखि पैतलासम्म साबुन लगाइन् । खोलाको पानीमा उनको सग्लो शरीरको प्रतिबिम्ब देखियो । त्यो सुकुमार शरीर कम्ता आकर्षक देखिएन ।

खोलाको पानीमा डुब्की लगाएर माथि उठ्दा पानीभित्रै सेतो चुन्नीको अस्तित्व हरायो र चुन्नी अब सेतो मात्र रहेन । पानीसँगै सेतो चुन्नीले उनको सम्पूर्ण निर्वस्त्र अंग देखाइदियो । पानीले निथ्रुक्क भिजेको पारदर्शी चुन्नी शरीरमा लपक्कै टाँसियो । उनको नितम्ब र स्तन अब अरू प्रष्टसँग देखियो । लजाएर उनले दायाँबायाँ हेरिन् ।

खोला नजिकै रुखबाट कसैले हेरिरहेको पो छ कि ? उनलाई शंका लाग्यो । अनि हतारहतार शरीरमा टाँसिएको चुन्नी शरीरबाट निकाल्ने असफल प्रयास गरिन् । रुखबाट कसैले चिहाएको जस्तै लागे पनि उनले सोचिन्, यस्तो त उनलाई सधैं लाग्छ । खोलामा नुहाउँदा होस् वा पोखरीमा माछोलाई चारो दिंदा, उनलाई कसैले आफ्नो चियो गरिरहेको जस्तो आभाष हुन्थ्यो ।

अब उनी निर्धक्क नुहाउन थालिन् । कलकलाउँदो बैंसले भरिएको शरीर आकर्षक देखियो । चुन्नीले आफ्ना गोप्य अंगहरूलाई ढाक्ने जति प्रयास गर्थिन्, अर्कोतर्फ उत्ति नै उनको शरीर उदाङ्गो हुन्थ्यो । पोटिला छाती, छिनेको कम्मर, भरिएको नितम्ब, गोरा तिघ्रा । कुनै कालिगढले मेहनतसाथ खिपेर बनाएको अप्सरा जस्तै थिइन्, उनी ।

छाया रमाउँदै पानीमा डुब्की लगाउँदै गइन् । पानीभित्र हुँदा उनी सम्पूर्ण रूपमा नग्न जस्तै हुन्थिन् । पानीको सतहमाथि उठ्दा चुन्नीले आफ्नो अंग छोप्दै थिइन् । चुन्नीले आफ्नो कर्तव्य निभाइरहेको थियो । तर, पूरै भिजेकाले त्यसको खास अर्थ थिएन । छाया बुबा-आमाकी एकमात्र सन्तान । छायाका बुबाआमा एकअर्कालाई अधिक प्रेम गर्थे । उनीहरूको कोखबाट छाया जन्मिइन् । त्यसपछि अर्को कुनै सन्तान भएन । त्यसैले आमा-बुबाको लागि छोरा भनेपनि छोरी भने पनि उही छाया थिइन् । छाया संयुक्त परिवारमा हुर्किइन् । अमाबुबासँगै उनको घरमा हजुरआमा, काका-काकी पनि एकै छानोमुनि बस्थे । बस्तीको नजिकै बर-पिपलको चौतारो थियो । चौतारो नजिकै उनको घर थियो । छायाको घरको छानो घाँसले छाएको थियो । त्यसो त छायाको घर मात्र होइन, बस्तीका अधिकांश घर घाँसले छाएका थिए । छायाको घर नजिकै सानो पोखरी थियो, जहाँ उनीहरूले माछा पालेका थिए । छाया २० वर्षकी मस्त तरुनी थिइन् । यौवनले भरिँदै जाँदा उनको शरीरमा बेग्लै चमक देखिन्थ्यो । शरीर क्रमशः परिवर्तन हुँदै जाँदा मनको चञ्चलता पनि बढ्दै थियो । त्यसैले छाया घण्टौं ऐनामा आफ्नो यौवना नियाल्ने गर्थिन् ।

धानी काटिसकेपछि सबैले खेतमै परालको कुन्यु लगाएका थिए । एकातिर पहेंलो घाँसले छाएको बस्ती थियो भने अर्कोतिर पहेंलो परालले छाएको कुन्यु । खेत र बस्ती पहेंलपुर थियो । भर्खरै नुहाएर आएकी आएकी छाया त्यही परालको कुन्युनिर बसिन् । सधैंझैं ऐना अगाडि थियो । छायाको कपाल पनि परालझैं भएको थियो । छायाले आफ्नो कपाल र परालालाई हेरिन् । यतिबेला उनलाई आफ्नो रूप र यौवनले एउटा अनौठो मिठासको अनुभूति भयो ।

कपाललाई आफ्ना हत्केलामा ल्याएर आफैं सुम्सुम्याएर आफैंमा हराइरहेका बेला फेरि झस्किइन् उनी, कसैले उनलाई हेरिरहेको झैं लागेर । किन कसैले छायाझैं आफूलाई पछ्याइरहेको होला सोचेर उनी फेरि सोचमग्न भइन् । अनि मनमनै सोचिन् यो त मेरो प्रेम हो । जसले मलाई सधैं पछ्याइरहेको हुन्छ । कल्पनाको राजकुमार होला जसले सधैं पछ्याइरहेको आभाष हुन्छ । छाया बेजोडले हाँसिन् र खेतका आली हुँदै घर पुगिन् ।

पोखरीको माछालाई दाना दिने बहानाले छाया सधैं पोखरीतर्फ जाने गर्थिन् । पोखरीका माछालाई दाना दिँदैगर्दा उनी पोखरीमा आफ्नो प्रतिछाया हेरिन् । हुन त माछालाई दाना दिने त उनको बहाना मात्र हो । पानीको सतहमा आफ्नै आकृति नियाल्न आउने गर्थिन् । त्यही आकृति हेर्दै उनी नाच्ने गर्छिन् । हात अनि इन्द्रीयको मुद्रा मिलाउँदै नाच्न थाल्छिन् । यसरी नाचिरहँदा कसैले हेरिरहेको पो छ कि ? उनलाई यस्तै आभाष हुन्छ । उनका विस्फारित आँखा चारैतर्फ डुल्न थाल्छ । तर, आसपासमा केही देखिँदैन ।

छायालाई लाग्यो, कोही त्यहाँबाट भाग्यो । आफूलाई यसरी कसैले नियालिरहेको महसुस हुँदा आफ्नो नजरले घायल भयो कि क्या हो भन्दै मुस्कुराउन थाल्छिन् ।

छायाका दौतरीहरूको विवाह भइसकेको थियो । बस्तीमा छायामात्र अविवाहित थिइन् । एकदिन छायाको घरमा कोही पाहुना आएका थिए । ती पाहुना छायाका अंकलका साथीहरू हुन् भन्ने थाहा पाइन् । छायाको विवाहको कुरा गर्न आएका रहेछन् । तर, छायालाई विवाह गर्न मन थिएन । उनी किन विवाह गर्न चाहन्नन् ? यसको जवाफ उनीसँग पनि थिएन । उनलाई जुन अदृश्य व्यक्तिले पच्छ्याइरहेको हुन्छ, सायद उसैसँग मात्र पो विवाह गर्ने चाह हो कि ?

तर, उनको भावना कसले बुझ्ने ? न उनी स्वयम् यो कुरा कसैलाई भन्न सक्छिन् । अन्ततः छायाको विवाह पक्का भयो । छायाले आफ्नो हुनेवाला श्रीमान्को अनुहार हेरिन् । उनी कतिपनि आकर्षक लागेन । छाया त त्यही व्यक्तिको खोजिमा थिइन्, जो उनलाई हरदम पच्छ्याइरहेको हुन्छ ।

घरमा विवाहको तयारी भइसकेको थियो ।

सधैंझैं छाया खेतका आली हुँदै परालको कुन्युमा गइन् र आफ्ना कपाल खेलाउँदै बसिन् । तर, त्यो दिन कसैले पनि आफूलाई पछ्याइरहेको महसुस उनलाई भएन । उनी घर फर्किइन् । सधैंझै पोखरीमा गएर आफ्नो आकृति हेर्दै नाच्न थालिन् । त्यसदिन उनले नाचिरहेको पनि कसैले हेरे जस्तो लागेन । अनि छाया खोलातर्फ लागिन् । खोलामा नुहाउन थालिन् । निथ्रुक्क भिजिन् । तर, उनको यौवनालाई कसैले चिहाएर हेरेजस्तो लागेन । छाया अत्तालिँदै घर पुगिन् । उनमा बेग्लै छटपटी बढ्यो । कहाँ गए ती अदृश्य व्यक्ति जो आफूलाई सधैं नियालिरहेका हुन्छन् ? अनि उनी आफैँतर्फ प्रश्न गर्न थालिन् । के उनी ती सबैकुरा उनै अदृश्य व्यक्तिलाई देखाउन गरिरहेकी छिन् ? खासमा त उनी आफ्नो यौवनमा रमाउन मात्र खोजिरहेकी थिइन् ।

के छ त्यो व्यक्तिमा जसलाई उनको आँखाले हरदम खोजिरहन्छ । छायाले धेरै प्रयास गरिन् तर अदृश्य व्यक्तिलाई भेटाउन सकिनन् । सायद विवाहको कुरा छिनेकाले ती व्यक्तिले उनलाई नियाल्न छाडेको हो कि ? उनी मनमनै दुःखी भइन् । फेरि उनले आफूलाई सम्हालिन् र त्यो कुनै भ्रम मात्र हो कि भनेर मन बुझाउने यत्न गरिन् ।

तर, उनी अझै खुसी हुन सकिरहेकी थिइनन् । केही कारणले विवाह रद्द भइदेओस् भन्ने उनलाई लागिरहेको थियो । विवाह रद्द भएको अवस्थामा फेरि ती अदृश्य व्यक्तिले आफूलाई पच्छ्याउन थाल्छ भन्ने उनलाई लागेको थियो । उनी आफ्नो विवाहको लागि राजी थिइनन् ।

उनको आँखा सधैं त्यही अदृश्य व्यक्तिलाई खोजिरहेको हुन्थ्यो । भ्रम नै सही, उनी एकतर्फी प्रेममा डुबिसकेकी थिइन् ।

विवाहको अघिल्लो रात । जुन-ताराको मधुरो उज्यालो थियो । सुस्त हावा चलिरहेको थियो । घरको पछाडिबाट कसैले बोलाएको झैं लाग्यो, उनलाई । उनी हतारिँदै त्यहाँ पुगिन् । तर, त्यहाँ कोहीपनि थिएन ।

केही समयपछि छायालाई आमाले बोलाइन् । छाया घरभित्र पसिन् । उनको मन बेचैन थियो । छायालाई लाग्यो, कसैले उनलाई बोलाएकै थियो तर आज उनी फेरि कतै लुक्यो । यो कुरा सम्झेर उनी थप विचलित भइन् ।

उनले मनमनै सोचिन्, 'सायद ऊ मलाई लिन आएको हो ।' उनी ती अदृश्य व्यक्तिसँग भेट्न आतुर थिइन् । तर, ती व्यक्ति किन आफ्नो सामुन्ने देखा पर्दैनन् ? के उसले आफूलाई पनि प्रेम गर्छ ? के आफ्नो विवाह भएपछि ती व्यक्तिसँग फेरि कहिल्यै भेट हुँदैन ?

यतिबेला छायाको हातमा मेहन्दी लगाइँदै थियो । जतिजति मेहेन्दीले उनको हात रंगिदै थियो, मन उत्तिकै बेचैन र अधीर हुँदै थियो । विवाह फगत सपना भइदिए हुन्थ्यो भन्ने उनलाई लाग्यो । विवाह यही रोकिए हुन्थ्यो भन्ने लाग्यो । रात छिप्पिँदै थियो । मध्यरातको समयमा एकाएक कोलाहाल मच्चियो, 'आगो लाग्यो..आगो लाग्यो ।' सबै घरबाट बाहिर निस्किए । खरले छाएका घरहरू दनदनी बलिरहेको थियो । मान्छेहरू आफ्ना सरसामान र बालबच्चा जोगाउन हतारिएका थिए । कोही ज्यान जोगाउन भाग्दै थिए, कोही गुहार माग्दै थिए । खोलाबाट पानी ल्याउँदै आगो निभाउन लागिपरेका थिए, तन्नेरीहरु । तर, घाँसको छानो जल्न कतिबेर लाग्थ्यो र ? निमेषभरमै बस्ती खरानी भइसकेको थियो ।

गोठमा बाँधेका गाईभैंसी कति जलेका थिए, कति मरेका थिए । बस्तीमा मान्छेहरू रोएको आवाज विरक्तलाग्दो सुनिन्थ्यो । बस्ती पूरै शोकमा डुबेको थियो ।

तर, छाया शोकमा थिइनन् । बरु उनी मनमनै खुसी थिइन् । किनभने बस्तीमा भएको यस्तो विध्वंशले गर्दा उनको विवाह रद्द हुने निश्चित थियो ।

तर, आफ्नै घरको हालत देखेपछि उनी खुसी भइरहन सकिनन् । आमाबुबाको अनुहार देखेर उनलाई पिर पऱ्यो । उनलाई आफ्नो यौवन र प्रेमले होइन, बस्तीको दुर्दशाले पोल्न थाल्यो ।

आखिर बस्तीमा कसले आगो लगायो ? कसरी लाग्यो । यदि कसैले आगो लगाएको हो भने त्यो व्यक्ति कहाँ गए ? छायाले सोच्न सकिनन् ।

दिनहरू बित्दै गए । गाउँ छिमेकीले दुःखजिलो गरी आफ्नो छाप्रो हाले । उनीहरू आ-आफ्नै काम धन्दामा फर्किए । अब बस्तीमा सबैजसो पुरानै दिनचर्यामा फर्किएका थिए ।

छाया पोखरीमा नगएको धेरै भइसकेको थियो । उनी माछाको लागि दाना बोकेर पोखरीतर्फ लागिन् । पोखरी छेउ केही मकैको दाना थियो । छायाले मकैको दाना पोखरीमा हुर्र्रुयाइन् । अनि पानीको सतहमा आफ्नो आकृति नियाल्न थालिन् । धेरैपछि आफ्नो सग्लो आकृति हेरेर उनी मुस्कुराइन् । तर, आज उनलाई आफ्नो आकृति हेरिरहँदा फरक महसुस भइरहेको थियो । किनकि उनी यतिबेला किशोरीको पहिरनमा थिइन् । उनले सोचिन्, 'बस्तीमा आगो नलागेको भए यतिबेला म दुलहीको पहिरनमा हुने थिएँ ।' उनी यति चाँडै दुलही बन्न चाहन्नथिन् ।

बस्तीमा आगो लागेपछि उनले फरक फरक महसुस गरिरहेकी थिइन । फरक उनको मौनतामा थियो । आगो लागेपछि छायालाई कसैले पछ्याएझैं लाग्न छाडेको थियो ।

छायालै मनमनै एउटा कुरा भनिन् ,'मैले गरेका महसुस सबै सत्य हो भने त्यो रात बस्तीमा आगो लगाउने व्यक्ति त्यही हो जसले मलाई सधैं नियाल्ने गर्छ ।'

बाँकी ६ पृष्ठमा

हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को अवसरमा देश-बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।



दीपेन्द्र कुमार कार्की

# टाइगुनमा २३ हजार र पोलोमा १५ हजार रुपैयाँको मासिक किस्तावन्दि योजना

फक्सवागेन गाडीको नेपालका लागि आधिकारिक वितरक पूजा इन्टरनेशनल नेपालले नयाँ वर्ष योजना ल्याएको छ। कम्पनीले सार्बजनिक गरेको उक्त योजना अन्तर्गत टाइगुन एसयुभीमा २३ हजार र पोलो ह्याचब्याकमा १५ हजार रुपैयाँको मासिक किस्ता निर्धारण गरिएको छ। यी दुई गाडी फक्सवागनको सर्बाधिक बिक्री हुने मोडलमा पर्छन्।

'हाई अन पर्फमेन्स इजी अन पकेट' ट्यागलाइन सहित आएको यो योजना अप्रिल ३० सम्म लागु हुने जनाइएको छ। सरल किस्तावन्दिको यो योजनाले फक्सवागन गाडी खरिद गर्न चाहने ग्राहकलाई राहत मिल्ने विश्वास लिइएको छ।

जर्मन ब्रान्ड फक्सवागनको नेपाली बजारमा पोलो, टाइगुन, भेन्टो, अलस्पेस र ट्वारेग गरी कुल ५ मोडलका कारा उपलब्ध छन्। यी गाडीमा २ वर्षको वारेन्टि सुबिधा समेत उपलब्ध रहेको छ। बलियो तथा मजवुत वनावटका कारण यी गाडीलाई वर्षमा एकपटक अर्थात १५ हजार किलोमिटरमा मात्र सर्भिसिङ गरे पुग्ने कम्पनीको भनाई छ।




# स्कोडा कोडियाक फेसलिफ्ट, मूल्य १ करोड ७१ लाख

काठमाडौं। स्कोडा शोरुमहरुमा स्कोडाको नयाँ एसयूभी कोडियाक फेसलिफ्ट आइपुगेको छ। द अल्टिमेट यूरोपियन एसयूभीको रुपमा परिचित हेर्दा स्पोर्टी, क्रिस्टललाइन डिजाइन, आफ्नो वर्गमा सबैभन्दा बढी सुरक्षा र 'सिम्पली क्लेभर' समाधानहरूले भरिपूर्ण नयाँ स्कोडा कोडियाक फेसलिफ्ट सहित अब स्कोडा शोरुमहरूमा उपलब्ध भएको हो।

कोडियाक सन् २०१८ मा नेपाली बजारमा लन्च भएको थियो। फेसलिफ्टसहितको नयाँ स्कोडा कोडियाक नेपाली बजारका लागि युरोपबाट आयात गरिएको हो। चेक ब्रान्डले कोडियाकको भावनात्मक डिजाइनलाई थप विकास गरी यसको एरोडायनामिक सुधार गरेको छ।

स्कोडा डिभिजन-एमएडब्लु इन्टरप्राइजका कार्यकारी निर्देशक रौनक अग्रवालले सो अवसरमा नयाँ स्कोडा कोडियाक डिजाइन सौन्दर्य, आराम, इन्जिन र गतिशील क्षमताहरूका साथै पूरै विचार गरेर क्याबिन थपिएको र दैनिक ड्राइभिङ वा रोमाञ्चक अफ-रोड यात्राका लागि उपयुक्त भएको बताए।

एक्सटेरियरः पुनःडिजाइन गरिएको फ्रन्ट र अझ रग्ड रुप

स्कोडाले कोडियाकको अपिरियन्यसमा विशेष परिमार्जन गरेको छ, सफल एसयूभीलाई अझ धेरै रग्ड लुक प्रदान गर्दै यसको एरोडायनामिक्सलाई पनि अनुकूलन/अप्टिमाइज गरेको छ। माथिल्लो र आकर्षक बोनेट र नयाँ डिजाइन गरिएको, थप ठाडो स्कोडा ग्रिलले कारलाई हेर्दा अझ बढी आकर्षक देखाएको छ। एड्याप्टिभ फ्रन्ट हेडलाइट प्रणालीका साथ एलईडी हेडलाइटहरू उल्लेखनीयरूपमा स्लीम छन् र, पुनः व्यवस्थित फग लाइटहरूसँग, अँध्यारोमा पनि राम्रोसँग देखिने सुविधा सिर्जना गर्दछ।

इन्टेरियर

अझ आरामदायी विशेषताहरुले यसको इन्टेरियरलाई पुऱ्याएको छ नयाँ स्तरमा

स्कोडाले कोडियाकको भित्री भागलाई नयाँ डेकोरेटिभ स्ट्रिपहरू, थप कन्ट्रास्टीङ स्टिचिङ र परिष्कृत एलईडी एम्बियन्ट लाइटिङ फङ्शन प्रदान गरेर नयाँ स्तरमा लैजान्छ। पहिलो पटक, ठूला एसयूभीका विकल्पहरूको दायरामा एर्गोनोमिक, पर्फोरेटेड-लेदर सिटहरू समावेश छन्, जसमा तताउने विकल्पको साथ मल्टिवे इलेक्ट्रिक सीट समायोजन छ। क्यान्टोन साउन्ड सिस्टम अर्को वैकल्पिक अतिरिक्त विशेषता हो, जसले ड्यासबोर्डमा केन्द्रीय स्पिकर र बुटमा सबवुफरको अतिरिक्त दस स्पिकरहरू प्रदान गर्दछ।

भर्चुअल ककपिट

१०.२५ इन्चको डिस्प्ले र स्टाइलका लागि चार विभिन्न लेआउटका साथ यसमा भर्चुअल ककपिट छ।

यो एसयूभीको मूल्य १ करोड ७१ लाख रुपैयाँ तोकिएको छ।

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को अवसरमा देश-बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

NMA

नेपाल पर्वतारोहण संघ परिवार

## हार्दिक शुभकामना

नयाा वर्ष २०७९ को अवसरमा देश-बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।



रत्न प्र. गौतम
अध्यक्ष

स्वानी निर्माण सेवा प्रा.लि.

## हार्दिक शुभकामना

नयाा वर्ष २०७९ को अवसरमा देश-बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

फुटवेयर म्यानुफ्याचर्स एशोसिएसन अफ नेपाल परिवार

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को अवसरमा देश-बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

नेपाल निर्माण व्यवसायी महासंघ

गर्मी मौसममा,
- झाडापखाला,वान्ता, आउँ, जण्डिस, टाईफाइडजस्ता रोगको जोखिम बढि हुन्छ।
- लामखुट्टे, झिंगा, भुसुना आदीबाट रोग सर्न सक्दछ।
त्यसैले, ब्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस